# शुद्धोदन गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद बस्यालज्यूले गाउँसभामा पेश गर्नु भएको आर्थिक वर्ष २०८२/८३ का प्रस्तावित नीति तथा कार्यक्रमहरु

**माननीय सभा अध्यक्षज्यू,**
**गाउँसभाका सदस्य ज्यूहरु,**

१. नेपालको शासन व्यवस्थामा आएको परिवर्तनको फलस्वरुप नेपालको संविधान कार्यान्वयनका क्रममा गाउँपालिकाले प्रत्येक वर्ष सभामा पेश गर्ने जस्तै आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम यस गाउँपालिकाको गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ ।

२. संघीयताको कार्यान्वयनको क्रममा स्थानिय सरकारको रुपमा यस गाउँपालिकाको वर्तमान कार्यपालिकाले विगत ३ वर्षको नीति तथा कार्यक्रमहरु यसै सभामा प्रस्तुत गरी कार्यान्वयन गरेको छ। जसको कार्यान्वयनका क्रममा सकारात्मक परिणामहरु देखा परिसकेका छन्। गाउँपालिकाको गुणस्तरीय शिक्षा विस्तार तथा विकास गर्ने कार्यहरुमा केही सकारात्मक सुधारहरु भएको कुरा यस सभासमक्ष स्मरण गराउन चाहान्छु । गाउँपालिकाले गाउँपालिका भित्र उत्पादन हुने कृषि तथा पशुजन्य उत्पादनलाई बजार सुनिश्चितताका साथै आधुनिकिकरण गर्न यन्त्र औजारहरु वितरण कार्यक्रमहरुमा समेत सहयोग गरेको छ । जसमा विभिन्न क्षेत्रबाट सहयोग प्राप्त भएको छ। उक्त कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण यस गरिमामय सदनका गाउँसभा सदस्यज्यूहरु, कर्मचारीहरु, नागरिक समाज, राजनीतिक दलहरु लगायत आम जनसमुदाय प्रति हार्दिक आभार प्रकट गर्दछु।

३. नेपालको वर्तमान राजनीतिक वातावरण सन्तोषजनक नरहेको कुरा सम्पूर्ण सभाका सदस्यज्यूहरुलाई अवगत नै रहेको छ । जसको परिणाम स्वरुप गाउँपालिकाको कार्य सम्पादनमा समेत केही असर परेको छ । प्रत्येक वर्ष सरकार परिवर्तन हुने र एक सरकारले लिएका नीति तथा कार्यक्रममा अर्को सरकारले अपनत्व बोध गर्न नसक्दा स्थानीय सरकार सञ्चालनमा पनि कतिपय कठिनाइहरु देखा परेका छन । तथापी हामिहरुले यसलाई गाउँपालिकाको हितको लागि सबैले सबै क्षेत्रबाट सम्यम्ता अपनाउँदै एक ढिक्का भै यसको समाना गरिरहेका छौं ।

४. सबैलाई जानकारी नै छ राजनीतिक परिवेशले आर्थिक अवस्थाको स्थिरतालाई संकेत गरेको हुन्छ । नेपालको राजनितिक अस्थिरताको कारण आर्थिक कृयाकलापहरुमा सुस्तता देखा परेको छ । उद्योगी तथा व्यापारीहरु स्थिर आर्थिक नीतिको पर्खाइमा रहेका छन् । व्यापार व्यवसाय गर्नेहरु लगानीको सुनिश्चितता खोजिरहेका छन् । माथि प्रस्तुत गरिएका कुनै पनि क्षेत्रमा सकारात्मक

संकेतको अवस्था नरहेकोले वर्तमान देशको आर्थिक क्रियाकलापमा सुस्तता देखा परेको छ । जसले गर्दा नेपाल सरकार र प्रदेश सरकाले नियमानुसार पठाउनु पर्ने रकम पठाउन नसकेको अवस्था देखा परेको छ ।

५. समाज विकासको क्रममा हाम्रो गाउँपालिका सन्तोष जनक रुपमा विकसित हुन नसकेको अवस्था हाम्रो सामू चुनौतिको रुपमा रहेको छ । विगतका सामाजिक परम्पराहरुलाई निरन्तरता दिने वाहनामा गाउँपालिकाले लिएका समाज विकासका केही नीतिहरुलाई पालना नगर्ने घटनाहरु हाम्रो गाउँपालिकामा पनि देखा परेका छन् जसलाई नियन्त्रण र समाधान गर्न हामी एक ढिक्का भएर लाग्नु पर्ने अवस्था सिर्जाना भएको छ । समाजका यस्ता विकृतीहरुको नियन्त्रण गरी स्वच्छ, सभ्य र आधुनिक समाज निर्माण गर्ने गाउँपालिकाको प्रयासमा सबैको सहयोग हुनेछ भन्ने अपेक्षा समेत राखेको छु ।

६. विगतको वर्षमा गाउँपालिकामा दरबन्दी अनुसारका कर्मचारीहरुको पदपूर्ति हुन नसक्दा हामी अत्यन्त कठिन तथा चुनौतिका साथ गाउँपालिकाका कार्यहरुलाई लक्ष्य उन्मुख तरिकाले सञ्चालन गर्ने बाध्यात्मक अवस्थाबाट अगाडि बढ्नु परेको कुरा सबै जनसमुदाय तथा गाउँसभाका सदस्यहरुलाई अवगत नै रहेको छ भन्ने मेरो बुझाइ छ । गाउँपालिकाले चालु आर्थिक वर्षमा लिएका नीतिहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै गर्दा केही सकारात्मक प्रभावहरु देखा परिरहेका छन भने कतिपय समस्याहरु देखा परेको अवस्था रहेको छ ।

७. समानुपातिक तथा समावेशी विकास र आपसी सहयोगका माध्यमबाट सामाजिक सहिष्णुता वृद्धि तथा भातृत्वको भावना विस्तार गर्ने कतिपय कार्यक्रमहरु सम्पन्न भैसकेकाले चालु वर्षका केही नीतिहरु कार्यान्वयनमा सफलता मिलेको अवस्था रहेको छ । शुद्धोदन बासीहरुको सदियौं देखि समस्याको रुपमा रहेको भूमि सम्बन्धी समस्या समाधान गर्न यस गाउँपालिकाको सक्रियतामा धेरै कार्यहरु सम्पन्न भएको छ । यस कार्यमा सहयोग गर्नु हुने सबै सरोकारवालाहरु तथा भूमी समस्या समाधान आयोग र यसको जिल्ला समिति तथा सम्बन्धित सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु । यस सम्बन्धी बाँकी काम आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी यस नीति तथा कार्यक्रममा व्यवस्था मिलाएको छु ।

८. चालु आर्थिक वर्षमा यस गाउँपालिकाले प्रशासनिक कार्य सम्पादनमा ठूलो चुनौतिको सामना गर्नुपर्यो जसमा दरबन्दी अनुसारका कर्मचारीहरुको पदपूर्ति नहुनु प्रमुख समस्याको रुपमा रह्यो । गाउँपालिकाका केही प्रशासनिक पदहरु रिक्त रहेको र यस्ता पदहरु सेवा करारमा समेत पदपूर्ति गर्न पाउने अवस्था नरहेकोले प्रशासनिक कार्य सम्पादनमा आशातित उपलब्धि हासिल हुन नसकेको

र आगामी दिनमा दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गर्नका लागि प्रदेश र संघीय सरकारसँग समन्वय गरी सेवा प्रवाहलाई थप चुस्त, दुरुस्त र प्रभावकारी बनाउने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

९. नेपाल सरकारले लिएको **"सुशासन, सामाजिक न्याय र समृद्धि"** को लक्ष्यलाई प्राप्त गर्न यस गाउँपालिकाले पनि गाउँपालिका बासीको सुख र समृद्धिको लागि लिएको विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका लागि गाउँपालिकाका प्रशासनिक संरचना निर्माणको कामलाई उच्च प्राथमिकतामा राखी कार्य गर्ने गरेको थियो जसको परिणाम स्वरुप हाल सबै प्रशासनिक संरचनाहरुबाट सेवा प्रवाहको काम प्रभावकारी रुपमा सञ्चालन भैरहेको छ । विकासको लागि सडक पूर्वाधार, कृषि तथा पशु क्षेत्रको उत्पादन वृद्धि, स्वास्थ्य क्षेत्रको प्रभावकारी सेवा, शिक्षामा गुणस्तर सुधार, सामाजिक क्षेत्रमा भावनात्मक सम्बन्ध वृद्धि जस्ता गाउँपालिकाका प्रयासले गाउँपालिकाको समग्र विकासको मार्ग चित्र तयार पारेको अवस्था देखिएको छ । विकास र समृद्धिका लागि गाउँपालिकाको प्रयास यिनै कार्यहरु सम्पादन गर्न तल्लीन रहेको कुरा म यस गरिमामय सभामा प्रस्तु गर्न चाहान्छु ।

१०. नेपालमा संघीयता कार्यान्वयनमा आएसँगै हामी यस गाउँपालिकाको जिम्मेवार पदहरुमा निर्वाचित भए पश्चात हामिले जति कामहरु सम्पादन गर्न सफल भयौं यो इतिहासले मूल्याङ्कन गर्नेछ । यसका बावजुत हामिहरुसँग जतनालाई सेवा उपलब्ध गराउन विभिन्न प्रकारका अवसरहरु रहेका छन जसलाई हामी आगामी आर्थिक वर्षमा पुरा गर्नुपर्ने देखेका छौं । जुन निम्न प्रकार रहेका छनः

- गाउँपालिकामा गर्न सकिने उत्पादनलाई आधुनिकीकरण गरि कृषि उत्पादनलाई व्यवसायिक तरिकाले सञ्चालन गर्ने वातावरणको सिर्जना गर्ने ।
- गाउँपालिकामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको पहिचान गरी देश विदेशमा प्रचार प्रसारको माध्यमबाट पर्यटन क्षेत्रमा आमुल परिवर्तन ल्याउने ।
- गाउँपालिकाको नामांकरण भएको नाम राजा शुद्धोदनको स्तुप स्थापना सहित प्रचार प्रसारलाई व्यापक बनाउने ।
- शैक्षिक संस्थाहरुमा रहेका विभिन्न समस्याहरुको समाधान गरी शैक्षिक गुणस्तरमा सुधार गर्ने ।
- मानवीय पक्षका विभिन्न समस्याहरुको अध्ययन गरी रोजगारीका अवसरहरुको सिर्जना गर्ने ।
- यस गाउँपालिकामा रहेको भूमि सम्बन्धी समस्यालाई दीर्घकालीन रुपमा समाधान गर्ने ।
- साना तथा मझौला उद्योगहरुको उत्पादनबाट गाउँपालिकालाई आत्म निर्भर गराउने ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सँगै संक्रामक रोगको संक्रमण नियन्त्रण गर्न आवश्यक संरचना निर्माण गरी अन्य महत्वपूर्ण कुराहरुको व्यवस्थापन गर्ने ।

- गाउँपालिका भित्र बग्ने नदीहरुको बहाव अवस्थाको अध्ययन गरी नदीजन्य पदार्थको उत्खनन गर्दै यसको अनावश्यक कटान तथा जोखिमलाई न्यूनीकरण गर्ने ।

११. माथि प्रस्तुत गरिएको अवसरहरु प्राप्त गर्न हाम्रा सामु तपसिल अनुसारका विभिन्न चुनौतीहरु रहेको मैले महसुस गरेको छु ।

- कृषिको क्षेत्रमा रहेका विभिन्न आधुनिक प्रविधि प्रयोग गरी गाउँपालिकामा गरिने कृषिका कार्यहरुमा कृषकको चाहाना र अपनत्व वृद्धि गर्ने ।
- आर्थिक सामाजिक क्षेत्रको विकासलाई जनताको रोजाइमा पारी भौतिक विकास कम गर्दै लैजाने वातावरणको सिर्जना गर्ने ।
- गाउँपालिकाका युवाहरुलाई गाउँपालिकामा रोजगारीको लागि आकर्षित गरि वैदेशिक रोजगारीमा जान रोक्ने । वैदेशिक रोजगारीबाट सीप सिकी फर्केका युवाहरुलाई गाउँपालिकामा उचित रोजगारीका अवसरहरु सिर्जना गरी निजको सीपको प्रयोग गरी विकासमा लगाउने ।
- गाउँपालिकामा रहेका विभिन्न आम्दानीका स्रोतहरुलाई प्रयोग गरी गाउँपालिकाको आन्तरिक आम्दानि वृद्धि गर्ने ।
- संक्रामक रोगको संक्रमण नियन्त्रण गरी गाउँपालिकाको विकासलाई लक्ष्य अनुरुप अगाडि बढाउने ।

१२. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम तयार गर्न मैले नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ स्थानीय सरकारका नीति तथा कार्यक्रम तर्जुमा गर्न तयार गरिएका प्रचलित कानूनी व्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय तहका नीति, योजना र लक्ष्यका साथै हामी निर्वाचित भएर हालसम्म स्थानीय सरकार सञ्चालन गर्दा प्राप्त गरेका अनुभव तथा सिकाईहरुलाई मूख्य आधारको रुपमा लिएको छु ।

**सभाका सभा-सदस्यज्यूहरु,**

१३. चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा आजको मिति सम्म भवन निर्माण तथा स्तरउन्नतीको काम ४ वटा सम्पन्न भएको छ, गाउँपालिकाको ४.५ कि.मी सडक कालोपत्रे, ९.५ कि.मी. सडक ग्राभेल, ३ वटा कल्भर्ट निर्माण र विभिन्न ५ स्थानमा तटबन्ध लगाइ नदी नियन्त्रण गर्ने प्रयास गरिएको छ । यसै गरी खानेपानी, ह्युमपाइप जडान, विभिन्न कुलाहरु मर्मत, स्यालो ट्युवेलहरु जडान, ५० प्रतिशत अनुदानमा विउ, तथा अन्य कृषि सम्बन्धी उपकरणहरु वितरण तथा विभिन्न स्थानमा विद्युतीकरण गर्ने कार्यहरु सम्पन्न भएका छन् ।

१४. प्रस्तुत क्रियाकलापको काम गर्दा गाउँपालिकाले चालु आर्थिक वर्षमा पारित गरेको नीति, कार्यक्रम तथा बजेट खर्चलाई व्यवस्थापन गर्न गाउँपालिकाले चालु आर्थिक वर्ष संघीय सरकार तर्फ वित्तीय समानीकरण अनुदान तर्फ रु. १२ करोड ५ लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ११ करोड ५ लाख ७० हजार ९१.६७ प्रतिशत, शसर्त अनुदान चालु तर्फ रु. १९ करोड ४९ लाख

९१ हजार अनुमान गरिएकोमा हालसम्म रु. १८ करोड ६२ लाख ६९ हजार ९५.५३ प्रतिशत, शसर्त अनुदान पुँजिगत तर्फ रु. ५ करोड ६३ लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ५ करोड ५३ लाख ८३ हजार ९८.३७ प्रतिशत, विशेष अनुदान पुँजिगत तर्फ रु. ५० लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. १५ लाख ९८ हजार ३१.९८ प्रतिशत गरी जम्मा ३७ करोड ६७ लाख ९१ हजार आय हुने अनुमान भएकोमा जम्मा रु. ३५ करोड ३८ लाख २२ हजार वास्तविक आय भै ९३.९ प्रतिशत मात्र संघीय सरकारबाट हालसम्म आम्दानी प्राप्त भएको छ ।

१५. यसै गरी गाउँपालिकाले चालु आर्थिक वर्ष प्रदेश सरकार तर्फ वित्तीय समानीकरण अनुदान तर्फ रु. ८३ लाख ३८ हजारअनुमान गरिएकोमा हालसम्म जम्मा रु. ८३ लाख ३८ हजार १०० प्रतिशत, शसर्त अनुदान पुँजिगत तर्फ रु. ७० लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ४४ लाख १९ हजार ६३.१४ प्रतिशत, समपुरक अनुदान पुँजिगत तर्फ ७० लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ४० लाख १३ हजार ५७.३४ प्रतिशत गरी जम्मा २ करोड २३ लाख ३८ हजार आय हुने अनुमान भएकोमा जम्मा रु. १ करोड ६७ लाख ७१ हजार वास्तविक आय भै ७५.०८ प्रतिशत मात्र प्रदेश सरकारबाट हालसम्म आम्दानी प्राप्त भएको छ ।

१६. चालु आर्थिक वर्षमा राजस्व बाँडफाँड तर्फ मुल्य अभिवृद्धि कर तर्फ रु. ६ करोड ९३ लाख, ९३ हजार अन्त शुल्क तर्फ रु. २ करोड ५२ लाख, ६ हजार, सवारी साधन कर रु. ३५ लाख ३५ हजार, दहत्तर बहत्तर शुल्क रु. २ करोड, घरजग्गा रजिष्ट्रशन दस्तुर १ करोड गरी कुल जम्मा रु. १२ करोड ८१ लाख ३५ हजार, आम्दानी गर्ने अनुमान राखेकोमा हाल सम्म मुल्य अभिवृद्धि कर तर्फ रु. ४ करोड ५६ लाख ५७ हजार ६५.७९ प्रतिशत, अन्तशुल्क तर्फ रु. १ करोड ९९ लाख ६८ हजार ७९.२२ प्रतिशत सवारी साधन कर रु. ४९ लाख ३५ हजार १३९.६२ प्रतिशत र बाँडफाँड भै प्राप्त हुन दहत्तरबहत्तर विक्रिबाट प्राप्त आय १ करोड ४५ लाख ७५ हजार, घरजग्गा रजिष्ट्रशन दस्तुर रु. १ करोड २६ लाख ७६ हजार गरी जम्मा रु. ९ करोड ७८ लाख १३ हजार मात्र आम्दानी प्राप्त गर्न सफल भएको छ ।

१७. गाउँपालिकाको आन्तरिक आम्दानी तर्फ एकीकृत सम्पत्ती कर तर्फ १२ लाख, भूमिकर मालपोत तर्फ ३० लाख, बहाल कर तर्फ २ लाख, अन्य विक्रीबाट प्राप्त रकम ५ हजार, अन्य सेवा शुल्क तथा विक्री रु. १ लाख १५ हजार, न्यायीक दस्तुर ५ हजार, नक्सा पास दस्तुर १० लाख, सिफारिस दस्तुर ४० लाख, नाता प्रमाणित दस्तुर ८ हजार, अन्य दस्तुर १५ लाख, व्यवसाय कर १० लाख, अन्य क्षेत्रको आय ७५ लाख ४८ हजार, प्रशासनीक दण्ड जरिवाना र जफत ४ लाख, र बैक मौज्दात १५ करोड ९६ लाख २४ हजार गरी कुल जम्मा १९ करोड ८ लाख २४ हजार

कुल आन्तरिक आम्दानी गर्ने अनुमान गरेकोमा हाल सम्म बैक मौज्दात रु. १८ करोड २४ लाख ८७ हजार र विभिन्न शिर्षकमा गरी जम्मा रु. १ करोड ५३ लाख १९ हजार गरी कुल जम्मा १९ करोड ७८ लाख ६ हजार १०३.६ प्रतिशत आम्दानी गर्न सफल भएको छ ।

१८. गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा चालु तर्फ रु. ४० करोड १० लाख ६१ हजार विनियोजन गरेकोमा हाल सम्म जम्म रु. २७ करोड ९ लाख ४८ हजार खर्च गरी ६७.५६ प्रतिशत खर्च गर्न सफल भएको छ ।

१९. गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा पुँजिगत तर्फ रु. ३१ करोड ७० लाख २७ हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. १४ करोड ७१ लाख ४७ हजार मात्र खर्च गरी ४६.४१ प्रतिशत मात्र पुँजिगत खर्च गर्न सफल भएको अवस्था छ ।

२०. गाउँपालिकाले चालु आर्थिक वर्षमा जम्मा रु. ७१ करोड ८० लाख ८८ हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. ४१ करोड ८० लाख ९६ हजार खर्च गरी जम्मा ५८.२२ प्रतिशत मात्र खर्च गर्न सकेको अवस्था रहेको छ ।

२१. आगामी आर्थिक वर्षमा प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरु आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वन तथा वातावरण र सुशासन तथा संस्थागत विकासमा केन्द्रित हुनेछन् । यसैको आधारमा स्रोत अनुमान तथा सीमा निर्धारण गर्ने कार्य सम्पन्न भएको छ ।

२२. आगामी आ.व. २०८२/८३ को नीति, कार्यक्रम तथा बजेट निर्माणका लागि यस गाउँपालिकाले विभिन्न सरोवाकारवालाहरुको उपस्थितिमा सुझाव संकलन गर्ने कार्य सम्पन्न गरी प्राप्त सुझावहरुलाई नीति तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरीएको छ । यस गाउँपालिकाका विभिन्न विषयगत समितिहरुको समेत सिफारिसमा यस वर्षको नीति तथा कार्यक्रम तयार गरी प्रस्तुत गर्ने प्रयास गरिएको छ । यस सभामा आउने सकारात्मक सुझावहरुलाई यस नीतिको मार्गदर्शक सिद्धान्तको रुपमा समावेश गरी संशोधन सहित यो नीति तथा कार्यक्रम यस गरिमामय सभाबाट पारित हुनेछ भन्ने आशाका साथ म यस सभामा आगामी आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**(क) सुशासन तथा संस्थागत विकासः**

२३. गाउँपालिकाको कार्यसम्पादनलाई प्रभावकारी बनाउन आवश्यक सफ्टवेयरहरुको जडान गरी कार्य गर्ने व्यवस्था मिलाइनेछ । सेवाप्रवाहलाई व्यवस्थित र पारदर्शी बनाउन गाउँपालिका तथा वडाकार्यालयहरुमा टोकन प्रणालीको व्यवस्था गरी सेवा दिने परिपाटीको विकास गरिनेछ ।

२४. गाउँपालिकाको Website Update गरी Website मार्फत निर्णय, सूचनाहरु सार्वजनिक गर्दै गाउँपालिकाको कार्यलाई Paper Less बनाइदै लगिनेछ। गाउँपालिका भित्र रहेका सबै सार्वजनिक संस्थाहरुको अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन विद्युतीय अनुगमन प्रणाली जडान गरी कार्यान्वयन गरिनेछ ।

२५. सार्वजनिक खर्चलाई उत्पादन मुलक बनाउन आन्तरिक नियन्त्रण प्रणाली लागु गरी कडाइका साथ कार्यान्वयन गरिनेछ । पदाधिकारी तथा कर्मचारीहरुको आचार संहिता पूर्णतः लागू गरिनेछ। खरिद गुरुयोजना/ खरिद योजनाका आधारमा प्रचलित आर्थिक कानून बमोजिम खरिद कार्य गरिनेछ । प्रचलित कानून अनुसार सार्वजनिक खर्चको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र लेखा परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

२६. गाउँपालिकाको हालसम्म कायम भएको वेरुजुको अवस्था अध्ययन गरी फछ्र्यौट गर्ने व्यवस्था मिलाउन वेरुजुको लगत अध्यावधिक गरी फछ्र्यौटको लागि आवश्वयक काजगात जुटाइ गाउँपालिकाको बेरुजु घटाउन अधिक्तम प्रयास गरिनेछ ।

२७. गाउँपालिकाको कार्यलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन कर्मचारीहरुका समस्याहरुको सुक्ष्म रुपमा अध्यन गरी समस्या समाधानका उपयुक्त माध्यमहरु अपनाई उत्प्रेरणाका माध्यमबाट कार्य सम्पादनलाई प्रभावकारी बनाउने वातावरणको सिर्जना गरिनेछ । कर्मचारीलाई आवश्यक तालिमको पहिचान गरी तालिम मार्फत कर्मचारीहरुलाई सेवाप्रवाह गर्न उत्सुक तथा सक्षम बनाइनेछ ।

२८. संविधानले व्यवस्था गरेका कार्यहरु कार्यान्वयन गर्न आवश्यक पर्ने जनशक्तिहरुको व्यवस्था गरी गाउँपालिकाको कार्यलाई प्रभावकारी बनाउन संगठन तथा व्यवस्थापन अध्ययन सम्पन्न गरी सोही अनुसार जनशक्ति व्यवस्थापन गर्न सम्बन्धीत निकायमा पहल गरिनेछ । कर्मचारीहरुलाई कार्यविवरणहरुको आधारमा कार्यसम्पादन गर्ने संस्कारको विकास गरिनेछ ।

२९. गाउँपालिकामा गुनासो सुनुवाई संयन्त्र विस्तार गरी सबै नागरिकलाई सूचनाको पहुँच हुने व्यवस्था मिलाइनेछ ।

३०. प्रचलित कानून अनुसार गाउँपालिकाले संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय सरकारहरुसँग सहकार्य, सहलगानी, सहयोग, समन्वय गर्न कानून निर्माण कार्यान्वयन र विकास व्यवस्थापनमा सम्बन्ध स्थापित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३१. गाउँपालिकामा भू–उपयोग नीति सहितको दीर्घकालीन एकिकृत शहरी विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। जग्गा वर्गिकरणको कामलाई पहिलो प्राथमिकतामा राखी काम गरिनेछ ।

३२. गाउँपालिकाको भू-उपयोग क्षेत्र निर्धारण गरी बस्ती विकास योजना सहित भौतिक विकास गुरुयोजना तयार गरी आवास तथा वस्ती विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार विकास निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रुपमा सञ्चालन गरिनेछ ।

३३. गाउँपालिका भित्र रहेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको समस्या समाधान गर्न गाउँपालिकाले उच्च प्राथमिकता दिई भुमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाको स्वामित्व उपलब्ध गराउन राष्ट्रिय भूमी आयोग र यसको जिल्ला समितिको समेत समन्वमा कार्यहरु गरी आगामी आर्थिक वर्ष भित्र सबै भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापन गर्ने नीतिलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

३४. लक्षित वर्गका कार्यक्रमहरुलाई आय उन्मुख बनाउन प्राथमिकता दिदै संचालन गरिने सबै कार्यक्रमहरु एकद्वार प्रणाली मार्फत निर्धारित ढाँचामा संचालन गरिनेछ ।

३५. गाउँपालिकाको सम्पत्तीको अभिलेख सार्वजनिक गर्ने र त्यसको उचित उपयोग, संरक्षण तथा संवर्धन गरिनेछ ।

३६. गाउँपालिकाले उठाउने सबै प्रकारका करहरु वडा कार्यालयबाटै प्रविधिको उपयोग गरी सफ्टवेयर मार्फत संकलन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । आन्तरिक आयको दायरा विस्तार गरि राजस्व वृद्धि गर्न राजस्व सुधार योजना निर्माण गरी सो अनुसार आन्तरिक राजस्व पहिचान तथा वृद्धि गर्ने प्रयास गरिनेछ ।

३७. योजनाहरु वडा कार्यालयको समन्वयमा कार्यान्वयन गरिने तथा वडा समिति समेतको अनुगमन र सिफारिसमा फरफारक गरिनेछ । योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन उपभोक्ता समितिका अध्यक्ष, कोषाध्यक्ष र सचिवलाई योजना कार्यान्वयन सम्बन्धी अभिमुखिकरण तालिम सञ्चालन गरिनेछ ।

३८. जनप्रतिनिधि, कर्मचारी, टोल विकास संस्थाका पदाधिकारी, सामुदायिक संस्थाहरुको क्षमता विकासका लागि आवश्यक तालिमहरु, अध्ययन अवलोकन भ्रमणहरुका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

तालिम तथा अध्ययन अवलोकन भ्रमणका उपलब्धीहरुको अध्ययन गरी कार्यक्रमलाई प्रभावकारी बनाउने प्रयास गरिनेछ ।

३९. गाउँपालिकाको कामलाई पारदर्शी एवं जवाफदेहि बनाउन सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणलाई निरन्तरता दिइनेछ । सार्वजनिक जवाफदेहिता प्रवर्ध्दन गर्ने कार्यविधिको सहयोगमा सुचनाहरुको पहुँच विस्तार गर्ने कार्यको थालनि गरिनेछ ।

४०. सामाजिक विवादहरुलाई न्यायिक समिति मार्फत छिटो, छरितो र सर्वसुलभ रुपमा मेलमिलापको माध्यमबाट समाधान गर्न पहल गरिनेछ । मेलमिलाप कर्ताहरुको क्षमता विकास मार्फत विवादहरुको निरुपण गर्ने व्यवस्था मिलाउन उपयुक्त कदम चालिनेछ । सामुदायिक मेलमिलाप कर्ताहरुको क्षमता वृद्धि गर्न मेलमिलाप कर्ताहरुलाई तालिम तथा पुनर्ताजकी कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइने छ । गाउँपालिकाको न्यायिक समिति मार्फत हुने कार्यसम्पादनलाई प्रविधिसँग आवद्ध गर्न न्यायिक मामिला व्यवस्थापन प्रणालीलाई अधिक्तम प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

४१. गाउँपालिकाका सबै वडा कार्यालयहरुमा मेलमिलापकर्ताबाट सम्पादन भएका न्यायिक कार्यको अनुगमन गरी मेलमिलापकर्ताहरुलाई थप सक्षम र जिम्मेबार बनाइनेछ । न्यायमा सबैको पहुँच सहजरुपमा पुर्याउन मेलमिलापकर्ताहरुको संख्या थप गर्दै लगिनेछ ।

४२. मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न कानूनी व्यवस्था गरी आवश्यक कदम चालिनेछ । गाउँपालिका भित्र हुन सक्न मानवअधिकार हनन सम्बन्धी कार्यलाई नियन्त्रण गर्न प्रहरीसँग आवश्यक समन्वय गरी सचेतनामूलक र नियन्त्रणका कदमहरु चालिनेछ ।

४३. पहिचान नखुलेका र बेसहरा नागरिकको मानवअधिकार संरक्षण र प्रवर्द्धन गर्न गाउँपालिकाले कार्यविधी बनाइ आवश्यक कदम चाल्ने नीति लिइनेछ ।

४४. गाउँपालिका क्षेत्र भित्रका लब्ध प्रतिष्ठित तथा विद्वत वर्गको सूचि तयार गरी उनीहरुबाट आवश्यक सहयोग लिने र कार्य अनुभव आदान प्रदान गरी प्राप्त पृष्ठपोषण गाउँपालिकाको विकासमा समाहित गर्दै लगिनेछ ।

४५. विभिन्न समाजिक संघ/संस्था, कृषक, विद्यार्थी, पत्रकार, खेलाडी, उपभोक्ता समिति, टोल विकास संस्थालाई कार्य सम्पादनको मूल्यांकन गरी प्रोत्साहन स्वरुप पुरस्कार दिने व्यवस्था मिलाइनेछ ।

४६. कर्मचारीहरुलाई उनीहरुको योग्यता, क्षमता, सीप र अनुभवलाई कार्यसम्पादनमा उपयोग गर्न तथा उत्प्रेरित बनाइ राख्न आवश्यक मापदण्ड बनाइ तालिम तथा योगदानमा आधारित सुविधा उपलब्ध गराउने नीति लिइनेछ ।

४७. गाउँपालिका क्षेत्र भित्र कार्यक्रम सञ्चालन गर्ने सरकारी, गैरसरकारी र सामुदायिक संस्था एवं सरोकारवाला संस्थाको भूमिका स्पष्ट पार्दै तिनीहरुलाई स्थानीय तह प्रति उत्तरदायि बनाई कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । यी संस्थाहरुले आफ्ना कार्यक्रमहरु गाउँपालिकाको वार्षिक विकास कार्यक्रममा समावेश गरेरमात्र कार्यक्रम सञ्चालन गर्ने व्यवस्थालाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ । यी संस्थाहरुले गरेका कामहरु गाउँपालिकामा समय समयमा हुने प्रगति समिक्षा कार्यक्रममा पेश गरी समिक्षा गर्नु पर्ने व्यवस्था मिलाइनेछ ।

४८. गाउँपालिका क्षेत्र भित्र गाउँपालिका बासीलाई ल्याण्ड लाइन टेलिफोन, इन्टरनेटको पहुँच पुर्याउन सम्बन्धित निकायहरुमा पहल गर्ने र मुख्य बजार क्षेत्र, पार्कमा वाइफाइ जोनको शुरुवात गरिनेछ । संभाव्यता अध्ययन गरी गाउँपालिकाको संवेदनशिल चोकहरुमा सि.सि. टीभी तथा एनपिआर क्यामेरा जडान गर्ने कार्य अगाडी बढाइनेछ ।

४९. गाउँपालिकामा दातृ निकायका कार्यक्रमहरु संचालनका लागि आवश्यक पहल गरिनेछ । गैर सरकारी संस्थाहरुले गर्ने कार्यक्रमहरुलाई गाउँपालिकाको नीति तथा कार्यक्रमहरुसँग तादम्मेता मिलाई बजेटमा समावेश गरी कार्यक्रम सञ्चान गर्न पहल गरिनेछ ।

५०. विभिन्न देशहरुमा भैरहेको संघीयता तथा विकास प्रशासन र स्थानीय सेवा प्रवाहको विषयमा अनुभव आदान प्रदान गर्न देश तथा विदेशका सरकार तथा सहरहरुसँग भगिनी सम्बन्ध कायम गर्ने नीति लिइनेछ । गाउँपालिका क्षेत्रभित्र भ्रमण गर्ने स्वदेशी तथा विदेशी पाउनाहरुको बसाइ अवधि लम्ब्याउनको लागि उपयुक्त वातावरण सिर्जना गरिनेछ ।

५१. गाउँपालिका भित्रका मुख्य बजार क्षेत्रहरुमा भैरहेको व्यापार व्यवसायलाई जनतामुखी बनाइ गुणस्तरिय सामानको खरिद विक्री गर्ने र गाउँपालिकाको राजस्व चुहावटलाई नियन्त्रण गर्न बजार अनुगमन प्रणालीलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

५२. गाउँपालिकाको समानुपातिक विकास गर्न वडाको जनसंख्या, क्षेत्रफल, पूर्वाधार विकासको अवस्था, राजस्व परिचालनको अवस्था र लागत सहभागिताको अवस्थाको आधारमा वडामा बजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ ।

५३. सूचना प्रविधिमा आधारित भएर गाउँपालिकाको समग्र प्रोफाइल तयार गरी अध्यावधिक गर्दै लगिनेछ । गाउँपालिकाको कार्य सम्पादनलाई विवाद रहित, प्रभावकारी, सुशासन युक्त, पारदर्शि र जनताले अनुभुत गर्ने प्रकारले सञ्चालन गर्न प्रदेश सरकारसँगको सहकार्य र सहलगानीमा नवप्रवर्तनमा आधारित साझेदारी कोषको स्थापना गरी उक्त कोष मार्फत विद्युतीय सुशासका कार्यक्रम सञ्चालन गर्न विद्युतीय शासनको कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि गाउँपालिकाका विभिन्न स्थानमा ३६ वटा सेवा इकाई स्थापन गरी साधस्रोतको व्यवस्था मिलाई नागरिकलाई विद्युतीय सेवा प्रदान गरिनेछ ।

५४. हाल प्रचलनमा रहेका विद्युतीय सेवाहरुलाई नागरिक सम्म पहुँच पुर्याई यसको प्रयोग लाई प्रभावकारी बनाउन जनस्तरमा सचेतना तथा सक्षम बनाउन आवश्यक पर्ने तालिम तथा सशक्तिकरणका आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५५. गाउँपालिका बासीलाई स्वास्थ्य सुरक्षा प्रति सचेत बनाउन गाउँपालिकाको उपयुक्त स्थानमा खुल्ला व्यायमशाला स्थापना गर्ने र योग ध्यानको माध्यमबाट स्वास्थ्य सुरक्षामा ध्यान केन्द्रित गराउन एक वडा एक योग तथा ध्यान गर्ने ठाउँको पहिचान गरी खुल्ला व्यायमशाला स्थापना मार्फत सेवा सञ्चालन गर्ने कार्यको शुरुवात गरिनेछ ।

५६. गाउँपालिका भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणका लागि उपयुक्त नीति बनाई सार्वजनिक जग्गा संरक्षण गर्ने कार्यको सुरुवात गरिनेछ ।

५७. स्थानीय संचार माध्यमहरुसँग समन्वय गर्दै गाउँपालिकाका विकासका कार्यक्रमहरु जनतासम्म पुर्याउन संचार संस्थाहरुसँग सहकार्य गरिनेछ ।

५८. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि विदेश भ्रमण एवं अध्ययन अवलोकनका लागि पठाउन कार्यविधी बनाई लागू गरिनेछ ।

५९. आर्थिक विकासको लागि साधन स्रोत जुटाउन विदेशी लगानी प्रवर्धन गर्न पर्यटन, कृषि, वन, पार्क लगायतका विभिन्न क्षेत्रमा लगानी भित्राउन संघीय सरकारको स्वीकृत लिई लगानी सम्मेलन गर्न पहल गरिनेछ ।

६०. गाउँपालिकाको आन्तरिक राजस्व संकलन प्रणालीलाई प्रभावकारी बनाउन कर सप्ताहको रुपमा अभियान सञ्चालन गरी व्यवसायीहरुको सहयोगमा राजस्व चुहावन नियन्त्रण गर्न पहल गरिनेछ ।

६१. समयमा राजस्व बुझाउन गाउँपालिकाका नागरिकहरुलाई प्रोतसाहित गराउन छुट तथा जरिवाना प्रणालीको सुरुवात गरिनेछ ।

६२. गाउँपालिकाको आन्तरिक आयका स्रोतहरुको संभाव्यता अध्ययन, राजस्व बाँडफाँट, अन्तरसरकारी हस्तान्तरण तथा गैरसरकारी संस्थाहरुको श्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, संघ सरकारका निकाय, गैरसरकार संस्था र विकास साझेदारहरुसँग परामर्श र साझेदारी गरिनेछ ।

६३. ढुङ्गा, गिट्टी, बालुवा विक्रि व्यवस्थापन मापदण्डको आधारमा गाउँपालिका भित्र रहेका नदीहरुबाट नदीजन्य पदार्थ उत्खनन् तथा विक्रि गर्न छिमेकी स्थानीय तहहरुसँगको सहकार्यमा नदीको बहाव प्रणालीको अध्ययन गरी नदीहरुलाई स्थायी रुपमा प्रवाह गर्ने गरी नदीजन्य पदार्थ उत्खनन् गर्ने र आवश्यक स्थानमा तटबन्ध गरी नागरिकका खेतीयोग्य जमिन कटानको समस्या समाधान गर्ने व्यवस्था मिलाइनेछ ।

६४. नागरिकहरुलाई गाउँपालिकाको सेवाप्रतिको अवस्थाको अध्ययन र विष्लेषण गर्न नागरिक सन्तुष्टी सर्वेक्षणको कार्यक्रमलाई प्रभावकारी रुपमा वडा कार्यालयहरु मार्फत नै सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । सर्वेक्षणको आधारमा प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने परिपाटीको विकास गरिनेछ ।

६५. गाउँपालिकाको योजना व्यवस्थापन प्रक्रियालाई सूचना तथा तथ्यमा आधारित, सुचना प्रविधिमैत्री, पारदर्शी, नतिजामूलक र प्रभावकारी बनाइनेछ । यस कार्यका लागि योजना व्यवस्थापन प्रणाली अध्यावधिक गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

६६. वडा कार्यालयमा उपस्थित हुन नसक्ने ९० वर्ष माथिका ज्येष्ठ नागरक तथा पुर्ण अपाङ्गता भएका लाभग्राहीहरुलाई घरमै गई बायोमेट्रिक डिभाइसद्धारा नविकरण गर्ने व्यवस्था मिलाइनेछ । व्यक्तिगत घटना दर्ताको पूर्णता मापन गर्ने कार्य अगाडी बढाइनेछ ।

६७. सामाजिक सुरक्षा भत्तामा नाम दर्ता परिचयपत्र नविकरण तथा घटना दर्तालाई अझ प्रभावकारी बनाउन १० दिने अभियान सञ्चालन गरिनेछ । सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सेवा प्रदायक संस्थाहरु मार्फत भत्ता वितरणमा सहजता ल्याउन बैंकहरु सँग आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ ।

६८. वडा कार्यालयहरुको सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउँदै MIS प्रणालीहरुलाई अझै प्रभावकारी बनाइनेछ ।

६९. सामाजिक सुरक्षा तथा ब्यक्तिगत घटना दर्ता तथा नागरिकता सम्बन्धी बनेका ऐन, नियम, कानुन र कार्यविधि को बारेमा वडा सचिव तथा सम्बन्धीत कर्मचारीहरु लाई विभिन्न तालिम तथा कार्यक्रमहरु संचालन गरिनेछ ।

**(ख) सामाजिक विकासः**

७०. सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि शिक्षक दरबन्दी मिलान, विद्यालयहरु समायोजन, विद्यालयहरुको कक्षा कटौती, शिक्षक तालिम संचालनका कार्यहरुलाई प्राथमिकता साथ संचालन गरिनेछ । साथै गाउँपालिका स्तरिय उत्कृष्ट विद्यालय छनोट गरी पुरस्कृत गरिनेछ । विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान र विद्यालयहरुको कक्षा कटौतीबाट प्रभावित भएका विद्यार्थीहरुलाई अनिवार्य र निःशुल्क शिक्षा उपलब्ध गराउन आवश्यक्ता अनुसार गाउँपालिकाका उपयुक्त विद्यालयहरुमा बसको सुविधा सहित अध्यापन गराउने व्यवस्था मिलाइनेछ । एक वडा एक नमुना विद्यालय स्थापना गर्न गाउँपालिकामा रहेका सामूदायिक विद्यालयहरुलाई प्रोत्साहन गर्न स्कुल बस सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

७१. गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुमा दरबन्दी न्यून रहेका अवस्थामा कक्षा कटौती गरी उक्त विद्यालयका विषयगत शिक्षकहरुको दरबन्दी मिलान गर्ने व्यवस्था मिलाइनेछ । बाल विकास सहयोगि कार्यकर्ताका लागि प्रोत्साहनको व्यवस्था मिलाइनेछ । विद्यालयहरुमा सहज पहुँच पुर्याउन नसकेका विद्यार्थीहरुलाई गाउँपालिकाको उपयुक्त विद्यालयहरुमा अध्यापन गराउन आवश्यक सुविधा उपलब्ध गराइनेछ ।

७२. विद्यालय शिक्षालाई रोजगारसँग आवद्ध गर्न गाउँपालिका क्षेत्र भित्र स्थापना भएका एवं हुने प्राविधिक शिक्षालयहरुको विकासमा सहयोग पुर्याइनेछ । यस क्षेत्रमा अध्ययन गर्ने विद्यार्थीहरुको संख्याको आधारमा थप कार्यक्रमहरु अगाडि बढाउने नीति लिइनेछ । **'मेरै गाउँमा मेरै प्राविधिक'** कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ । गाउँपालिका भित्रका सबै वडाका विपन्न तथा जेहेन्दार विद्यार्थिहरुका लागि प्राविधिक शिक्षाको छात्रवृति दिने व्यवस्था मिलाइनेछ ।

७३. शैक्षिक गुणस्तर सुधारको लागि विद्यालयको व्यवस्थापन पक्षलाई सबल तथा सक्षम बनाउन आवश्यक व्यवस्था मिलाइनेछ । साथै प्रत्येक विद्यालयमा विद्युतिय हाजिरी राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । विद्यालयहरुको शैक्षिक गतिविधी अनुगमन तथा अवलोकन गर्न उचित विद्युतीय माध्यमको प्रयोग गरिनेछ ।

७४. प्रत्येक वडामा एक वटा सामुदायिक विद्यालयलाई अगुवा विद्यालय घोषणा गरी त्यसको संस्थागत क्षमता विकासका लागि थप सहयोगको प्रबन्ध गरिनेछ साथै सबै फिडर विद्यालयको शैक्षिक व्यवस्थापनमा जिम्मेबार र जवाफदेही बनाउने व्यवस्था मिलाइनेछ ।

७५. गाउँपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण विद्यालय जाने उमेरका विद्यार्थिहरुलाई अनिवार्य रुपमा विद्यालय सम्म पहुँच पुर्याउने वातावरणको सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ । साथै सामूदायिक तथा निजि विद्यालयको तर्फबाट माध्यमिक तहको परिक्षामा उत्कृष्ट अंक ल्याउने छात्र छात्राहरुलाई पुरस्कारको व्यवस्था मिलाइनेछ । गाउँपालिकाको उपयुक्त स्थानहरुमा सामूदायिक विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीहरुको लागि अभिभावक शिक्षा सञ्चालन गर्ने व्यस्था मिलाइनेछ ।

७६. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयहरुको निरीक्षण र सुपरीवेक्षणको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

७७. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र कर्म सिकाउने जीवन उपयोगी सीपमा आधारित शैक्षिक स्थानीय पाठ्यक्रमको विकास गरी लागु गर्ने कार्यलाई विस्तार गर्दै लगिनेछ ।

७८. कक्षा ८ र कक्षा ५ को परीक्षालाई गाउँपालिका स्तरीय रुपमा व्यवस्थित गरीनेछ । गाउँपालिका क्षेत्र भित्रका न्यून नतिजा ल्याउने शिक्षक, कमजोर व्यवस्थापन देखिएका प्रधानाध्यापकहरुलाई सुक्ष्म व्यवस्थापनको माध्यमबाट कार्य सम्पादनको आधारमा परिवर्तन ल्याउने कार्ययोजना निर्माण गरिनेछ । गाउँपालिकाका सबै विद्यालयहरुमा अध्यापन गराउने शिक्षकहरुको सम्बन्धीत विद्यालयको प्रधानाध्यापक सँग र प्रधानाध्यापकहरुको गाउँपालिकासँग कार्यसम्पादन सम्झौता गर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ । विद्यालय सुधारमा उल्लेखनीय कार्य गर्ने प्रधानाध्यापक तथा शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

७९. शिक्षामा कमजोर नतिजा देखिएका विपन्न वर्गका विद्यार्थीहरुलाई अंग्रेजी माध्यमका पुस्तकहरु गाउँपालिकाको स्रोत र साधनले पुग्ने अवस्था रहेमा निशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । गाउँपालिका भित्र सञ्चालित अंगेजी माध्यमका विद्यालयहरुलाई विद्यार्थीहरुको क्षमताको आधारमा आफ्नो व्यवस्थापन सञ्चालन गर्न निर्देशित गरिनेछ ।

८०. गाउँपालिका भित्रको कुनै एक माध्यमिक विद्यालयलाई प्रविधियुक्त वृहत विद्यालयको रुपमा विकास गर्दै लगिनेछ । गाउँपालिकाका अन्य विद्यालयहरुमा प्रविधि जडान गरी प्रविधि युक्त शिक्षण सिकाइको व्यवस्था मिलाइनेछ ।

८१. गाउँपालिका भित्र रहेका पुर्वाधार, पुरातात्विक महत्वका क्षेत्र, स्थानीय भाषा, मातृ भाषा, कला, साहित्य, संस्कृति, नदी प्रणाली र आर्थिक विकासका विषयहरु समावेश गरी कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्दै आवश्यक्ता अनुसार अध्यावधिक गर्दै लगिनेछ ।

८२. विद्यार्थीहरुको शारिरीक मानसिक तथा सामाजिक विकासको लागि विद्यालय स्तरीय खेलकुद लगायतका अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

८३. विपन्न र अभिभावक विहिन बालबालिकालाई माध्यमिक तह सम्मको शिक्षामा पहुँच पुर्याउन विशेष सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

८४. किशोरावस्थामा हुने मानसिक, सामाजिक, शारिरीक तथा सम्बेगात्मक परिवर्तनबाट पर्ने असरबाट बचाउन गाउँपालिका भित्रका माध्यामिक विद्यालयहरुमा **साथि शिक्षा** कार्यक्रम सञ्चालन गरिनेछ ।

८५. गाउँपालिका भित्र संचालन हुने सबै खेलकुदको लागि शिक्षा युवा तथा खेलकुद विकास शाखाबाट वार्षिक कार्यक्रम बनाई एकद्वार नीतिको माध्यमबाट खेलकुदको विकासमा सहयोग पुर्याइनेछ । यसै अनुरुप गाउँपालिका भित्र रहेका खेलाडिहरुको पहिचान तथा विकासको लागि गाउँपालिका स्तरिय **अध्यक्ष कप** खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

८६. राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगितालाई संघीय सरकारको सहकार्यमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । व्यक्तिगत तथा सामूहिक खेलकुद विकासका लागि आवश्यक पुर्वाधार, खेल साग्रीहरुको व्यवस्था गर्दै नयाँ खेलहरुको प्रशिक्षण गराइ खेल प्रतिभाहरुको खोजी तथा प्रवर्द्धन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

८७. एक वडा एक खेलमैदानको नीति लिई प्रत्येक वडाहरुमा भौगोलिक अवस्था अनुसारका खेलमैदान निर्माण गर्ने नितिलाई निरन्तरता दिइनेछ । सांस्कृतिक पहिचान र संरक्षण गर्न, विभिन्न खेलकुद विकास गर्न गाउँपालिका र वडा स्तरिय समितिहरुको निर्माण गरि परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

८८. गाउँपालिकाबाट विभिन्न ठाउँमा खेलकुद सम्बन्धी कार्यक्रमा भाग लिइ उचित पुरस्कार हासिल गर्न सफल खेलाडीहरुको प्रोत्साहन र उत्प्रेरणाका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । गाउँपालिका भित्र सञ्चालन हुने खेलकुदका कार्यक्रमहरु दशैं र तिहारको विचमा वडा कार्यालयको स्वीकृतीको आधारमा खेल सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

८९. गाउँपालिकाको उपयुक्त स्थानमा खेल ग्राम आधुनिक रुपमा निर्माण गरी सञ्चालन गर्न कार्यको सुरुवात गरिनेछ । आधुनिक सुविधा सम्पन्न रङ्गशाला निर्माण सम्भाव्यता अध्ययन गरी सुरुवात गरिनेछ ।

९०. विद्यार्थीहरुको सर्वाङ्गिण विकासको लागि विभिन्न प्रकारका अतिरिक्त क्रियाकलापहरु नियमित रुपमा सञ्चालन गर्ने नीति लिइनेछ ।

९१. खेलकुद, नवप्रवर्तन र उद्यमशिलताको विकास मार्फत युवाहरुलाई रचनात्मक कार्यहरुमा परिचालन गर्न प्रोत्साहित गरिनेछ ।

९२. गाउँपालिकाको ७ वटै वडाहरुमा गुणस्तर युक्त खानेपानी सबैको घर घरमा सुलभ पहुँच पुर्याउन गाउँपालिका भित्र एक घर एक धारा निर्माण गर्ने नीति लिइनेछ । खानेपानी सेवालाई दिगो र भरपर्दो बनाउन खानेपानी तथा स्वच्छता योजनाको निर्माण गरी एकमुष्ट अभिलेख राख्ने व्यवस्था मिलाइनेछ । गाउँपालिकामा हुने अध्यधिक खानेपानी पाइप मागको समस्या समाधान गर्न प्राविधिक लागत अनुमानको आधारमा खानेपानी उपभोक्ता समितिहरु मार्फत पाइप उपलब्ध गराई स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउन संभाव्यता अध्ययन गरिनेछ । खानेपानी तथा सरसफाईको क्षेत्रमा उपभोक्ता समितिहरुलाई स्वचालित बनाउन समितिहरुको क्षमता विकास गरी स्वायत्त रुपमा परिचालित हुन सक्ने बनाउने वातावरण निर्माण गरिनेछ ।

९३. गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त गाउँपालिका घोषणा गर्न पहल गरिनेछ । यस क्रममा शौचालयको पहुँच वृद्धि गर्न जनचेतानाका कार्यक्रमहरु सञ्चालन गरिनेछ । शौचालय निर्माण गर्न नसक्ने परिवारहरुको पहिचान गरी गाउँपालिकाबाट शौचालय निर्माण गर्ने कार्यक्रमहरु सञ्चानल गरिनेछ ।

९४. गाउँपालिका भित्रको खानेपानी सुरक्षित स्वास्थवर्धक र भरपर्दो बनाउन एकिकृत खानेपानी गुरु योजना र विस्तृत आयोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरिनेछ । प्राविधिक सम्भाव्यता र आवश्यकताको आधारमा उपयुक्त प्रविधिहरुको प्रयोग गरी खानेपानी सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

९५. गाउँपालिका भित्रका अति विपन्न परिवारहरुको पहिचान गरी आवश्यक्ताको आधारमा गाउँपालिका तथा वडा कार्यालयहरुबाट आवाशिय सुविधा उपलब्ध गराउन पहल गरिनेछ ।

९६. गाउँपालिकालाई पूर्ण सरसफाई अभियानको माध्यमबाट प्रत्येक घरपरिवारलाई आधारभूत सरसफाईमा ध्यान दिने वातावरण बनाई पूर्ण आनिबानि परिवर्तनका कार्यक्रमको शुरुवात गरिनेछ ।

९७. गाउँपालिका भित्र निस्कने फोहोरमैलालाई स्रोतमै वर्गिकरण गरी उपयुक्त माध्यमबाट व्यवस्थापन गर्ने कार्य गरिनेछ । यस कार्यको लागि जग्गा प्राप्ति र ल्याण्ड फिल्ड साइटको निर्माण गर्न छिमेकी पालिकाहरुसँग सहकार्य गर्दै सहलगानी गर्ने व्यवस्था मिलाइनेछ ।

९८. गाउँपालिकामा स्वास्थ्य सम्बन्धि सुरक्षित मातृत्व, पोषण, प्रजनन स्वास्थ्य, क्षयरोग, कुष्ठरोग निवारण, बाल स्वास्थ्य, परिवार नियोजन तथा सुरक्षित गर्भपतन, यौनरोग तथा एच.आई.भी. एड्स नियन्त्रण, सामुदायिक स्वास्थ्य जस्ता रोगहरुको संक्रमणबाट जोगिने तथा रोग निवारण गर्ने खालका विभिन्न चेतनामुलक कार्यक्रमहरु आयोजना गरिनेछ । साथै स्थानीय समुदायसँग सहकार्य गरी स्वास्थ्य शिविरहरु सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९९. गाउँपालिका बासीको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्रभित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरु संचालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नति गरी रोकथाम, निदान र पुनःर्स्थापना सेवा सहज र नियमित बनाइनेछ ।

१००. नसर्ने रोगको प्रकोप न्यूनीकरणका लागि स्वास्थ प्रवर्द्धनात्मक सेवामा विशेष जोड दिइनेछ । साथै निदानात्मक र उपचारात्मक सेवालाई विस्तार गर्न कलेजो तथा मृगौलाहरुको परिक्षण तथा उपचार गाउँपालिका भित्र शिविर सञ्चालन गरी गरिनेछ । सर्ने र नसर्ने रोगको बारेमा जानकारी प्राप्त गर्न पेन प्याकेजलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१०१. क्षयरोग जस्ता संक्रामक रोगहरुको समयमै पहिचान गरी उपचार गर्न ल्याव सेवाको स्थापना र विस्तार गरिनेछ । क्षयरोग मुक्त पालिका अभियानका क्रियाकलापहरु क्रमशः सबै वडाहरुमा नेपाल सरकारको समेत साझेदारीमा विस्तार गरिनेछ ।

१०२. गम्भिर रोग, अप्रेशन दुर्घटना तथा रगत आवश्यक पर्ने अवस्थामा गाउँपालिका बासीलाई रगत प्राप्तीलाई सुनिश्चित गर्न रक्त सुरक्षा तथा रगत उपलब्ध गराउने कार्यमा काम गरिरहेका संस्थाहरुको सहकार्यमा कार्य सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१०३. गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य सँस्थाहरुको सेवा तथा भौतिक संरचनाहरुलाई स्तरोन्नती गरिदै लगिनेछ । स्वास्थ्य संस्थामा अभाव भएका जनशक्तिहरु आवश्यक्ता अनुसार व्यवस्थापन गर्न पहल गरिनेछ । साथै स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन अल्पसंख्यक आर्थिक रुपले विपन्न तथा समूदायमा पछाडी परेका नागरिकहरुको सहज पहुँच सुनिश्तित गरिनेछ ।

१०४. स्वास्थ्य विमालाई प्रचार प्रसार गरी सबै नागरिक तथा परिवारलाई स्वास्थ्य विमा आवद्ध गरी पूर्ण स्वास्थ्य विमा लागु भएको गाउँपालिका घोषणा गर्न पहल गरिनेछ । दीर्घ रोगी, अपाङ्ग एवं जेष्ठ नागरिकहरुको स्वास्थ उपचार घर घरमा गई स्वास्थ्य प्रयोगशाला परिक्षण र परामर्श सेवा उपलब्ध गराउने सेवालाई निरन्तरता दिइनेछ ।

१०५. गाउँपालिका भित्र सञ्चालनमा रहेका औषधी पसलहरुको नियमित अनुगमन गरिनेछ । कानून बमोजिम सञ्चालनमा नभएका औषधी पसलहरुलाई कानूनी दायरमा ल्याउन पहल गरिनेछ ।

१०६. Universal Health Coverage को अवधारणा अनुसार स्थानीय तह प्रवर्द्धनात्मक प्रतिकारात्मक उपचारात्मक पुनर्स्थापनात्मक तथा प्रशामक सेवालाई एकिकृत रुपमा विस्तार तथा विकास गरिनेछ ।

१०७. गाउँपालिकाका किशोर किशोरीहरुलाई सहजरुपमा स्वास्थ्य सेवा लिन आउने वातावरण निर्माण गर्नका लागि किशोर किशोरीमैत्री स्वास्थ्य सँस्था निर्माणमा जोड दिइनेछ ।

१०८. धुम्रपान, मध्यपान तथा लागु पदार्थ दुर्व्यसन विरुद्धको समुदाय स्तरिय युवा लक्षित कार्यक्रमहरु सञ्चाल गर्ने व्यवस्था मिलाइनेछ ।

१०९. गाउँपालिकाका विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुको स्वास्थ्य प्रवर्द्धन तथा स्वास्थ्य व्यवहार परिवर्तका लागि गाउँपालिकाको शिक्षा शाखा र मातहतका विद्यालयहरुसँग निरन्तर सहकार्य गर्दै संयुक्त कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

११०. कुपोषण तथा यसले मानव स्वास्थ्यको जीवन चक्रमा पार्ने दुषप्रभावलाई न्यूनिकरण गर्न विगत देखि सञ्चालनमा रहेको समुदायस्तरिय पोषण प्रवर्द्धन अभियानलाई निरन्तरता दिइनेछ ।

१११. गाउँपालिका भित्र विशेषज्ञ सहितको स्वास्थ्य सेवा उपलब्ध गराउन १५ शैयाको सुविधा सम्पन्न अस्पताल निर्माण गर्ने कार्य सम्पन्न गरी उक्त अस्पतालबाट सेवा सुचारु गर्ने व्यवस्था मिलाइनेछ । महामारीको रुपमा आउने रोगहरुबाट तत्काल गाउँपालिका बासीलाई बचाउन दुर्त प्रतिकार्य टोली (RRT) परिचालन गरी स्वास्थ्य शिक्षाका माध्यमबाट रोगथाम तथा प्रतिकार्यका उपायहरुलाई जनस्तर सम्म पुर्याइनेछ ।

११२. नियमित खोपको प्रर्द्धन गरिनेछ । खोप कार्यक्रमलाई थप व्यवस्थित गर्नको लागि खोपको सुक्ष्म योजना तर्जुमा गर्ने, खोप केन्द्रहरुलाई व्यवस्थित तथा थप निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११३. गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य स्वयं सेविकाहरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समूदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिनेछ । यसको लागि कार्यसम्पादनको मूल्यांकन गर्दै प्रोत्साहनका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

११४. गाउँपालिका भित्र स्वास्थ्य तथा शिक्षा नीति तर्जुमा गरी कार्यान्वयन गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ ।

११५. सुनौलो हजार दिनका महिला (गर्भवती तथा सुत्केरी) ५ वर्ष मुनिका बालबालिका र किशोरीहरुको पोषण अवस्थामा सुधार ल्याउन पोषणका कार्यक्रमहरु सञ्चालन गरी पोषण मैत्री कार्यक्रमहरुलाई सबै शाखाहरुका कार्यहरुमा मूल प्रवाहिकरण गर्दै लगिनेछ ।

११६. आयुर्वेदिक चिकित्सा पद्दतिको अभ्यास, योग तथा ध्यान शिविर संचालनमा सहयोग पुर्याइनेछ । गाउँपालिका भित्र आयुर्वेदको पूर्वाधार विकास गर्दै आयुर्वेधिक औषधिहरुको नियमित वितरणको व्यवस्था मिलाइनेछ । आयुर्वेद सेवालाई विस्तार गर्दै यस गाउँपालिकाको पायक पर्ने ठाउँमा आयुर्वेद सेवा केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

११७. विकासको मूलप्रवाहमा पहुँच पुर्याउन महिला, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, धार्मिक समुदाय, जनजाती, बालबालिका, आदिबासी, एकल महिला, मधेसी, मुस्लिम, थारु लगायतका वर्ग र समुदायहरुको क्षमता विकास, आयआर्जन, सशक्तिकरण, अधिकार संरक्षणको आवश्यक व्यवस्था मिलाइनेछ । ग वर्गको अपाङ्गता भएका व्याक्तिहरुको जिवनयापनलाई सहज बनाउन केही मात्रा सहुलियत रकम उपलब्ध गराउने आवश्यक व्यवस्था मिलाइनेछ ।

११८. लक्षित वर्गका कार्यक्रमहरु गाउँपालिकाको आर्थिक तथा समाजिक विकास शाखाको समन्वयमा एकद्वार प्रणालीबाट सञ्चालन गरिनेछ ।

११९. बालमैत्री स्थानीय शासनको अवधारणलाई क्रमशः कार्यान्वयन गर्दै गाउँपालिकालाई बालमैत्री स्थानीय शासन लागु भएको गाउँपालिकाको रुपमा विकास गर्न आवश्यक व्यवस्था मिलाइनेछ । गाउँपालिकास्तरीय बाल सञ्जाल गठन गरी क्षमता विकास तथा नैतिक शिक्षाको समेत विकास हुने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२०. गाउँपालिका भित्र अपाङ्गता भएका बालबालिकाहरुको शारिरिक परिक्षण फिजियथेरापी सहायक सामाग्रिहरु नापजाँच र आवश्यक्ता अनुसारको सर्जरी सुविधा उपलब्ध गराउन यस गाउँपालिकाले अपाङ्ग तथा पुनःस्थापना बाल अस्पताल बनेपासँग भएका सम्झौता अनुसार साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१२१. सामाजिक कुरिती, कुसंस्कार अन्त्य गर्न गाउँपालिकाको नेतृत्वमा बिभिन्न जनचेना मुलक कार्यक्रमहरुका साथै विभिन्न प्रकारका दिवशिय कार्यक्रम संचालन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१२२. संरक्षकत्व गुमाएका महिला, बालबालिका र जेष्ठ नागरिकहरुको लागि पुनःस्थापना तथा सुरक्षित आवास लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

१२३. गाउँपालिका भित्र सेवा प्रवाह गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्थाको कार्य सम्पादनलाई मर्यादित, व्यवस्थित तथा समन्वयकारी बनाउन गाउँपालिकामा NGO Desk को स्थापना गरी क्रियाशिल बनाइनेछ । गैर सरकारी सँस्थाहरुले गर्ने कार्यलाई थप व्यवस्थित बनाउन गैर सरकारी सँस्था परिचालन नीति तर्जुमा गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१२४. यस गाउँपालिका भित्र कार्यक्षेत्र राखी क्रियाशिल रहेका गैरसरकारी सँस्थाहरुले यस गाउँपालिका भित्र परिचालन गर्ने कार्यक्रमहरुलाई गाउँपालिकाको वार्षिक कार्यक्रम भित्र समावेश गर्ने कार्यको सुरुवात गरिनेछ ।

१२५. युवा, दलित, महिला, विपन्न, बालबालिका तथा सिमान्तकृत समूदायमा सशक्तिकरणका विशेष लक्षित वर्गका कार्यक्रमहरुलाई परिणाममुखी र व्यवस्थित रुपमा सञ्चालन गरिनेछ । प्रत्येक वर्ष लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण सम्पन्न गरी नतिजा सार्वजनिक गरिनेछ ।

१२६. गाउँपालिकाबाट वैदेशिक रोजगारमा जाने युवाहरुको तथ्यांक अद्यावधिक गरी सचेतना, सिप विकास तथा जोखिम न्यूनिकरणको लागि योजना बनाई कार्यान्वयन गरिनेछ ।

१२७. टोल विकास संस्थाहरुको क्षमता वृद्धि गर्दै सबै गाउँपालिकाबासीहरुलाई विकासमा पहुँचको सुनिश्चितता गरिनेछ ।

१२८. गाउँपालिका भित्र सकारात्मक सोचको माध्यमबाट शशक्तिकरण तर्फ सबै युवा तथा किशोर किशोरीहरुलाई आवद्ध गराउन विद्यालयमा अध्ययन गरी रहेका विद्यार्थीहरु र अन्य युवाहरुलाई वृत्ती परामर्श (Career Counselling) कार्यक्रम सुरुवात गरिनेछ।

१२९. गाउँपालिका भित्र निर्माण हुने भौतिक पूर्वाधारहरुलाई अपाङ्ग मैत्री, बाल मैत्री तथा महिला मैत्री बनाउँदै निर्माण गर्ने नीति लिइनेछ ।

१३०. महिलाहरु मात्र सदस्य रहेका सहकारीहरुलाई प्रोत्साहन गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३१. महिनाबारीको समयमा स्कुल हाजिर हुन नसक्ने अवस्थाको अन्त्य गर्न गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरु मार्फत उचित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३२. टोल विकास संस्थाहरुको आफ्नो भुगोल भित्र १ वटा बाल उद्यान, ज्येष्ठ नागरिक बिश्रामस्थल निर्माण गर्न उत्प्रेरित गरिनेछ ।

१३३. गाउँपालिका भित्र रहेका अपाङ्गता भएका नागरिकहरुको सहज पहुँच तथा जिवन यापनमा सहजता पुर्याउन समयमै अपाङ्गता परिचय पत्र वितरण गर्ने कार्य गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको

अपाङ्गताको प्रकृतीका आधार क्षमता विकास गरी आय आर्जन वृद्धि गर्ने कार्यको सुरुवात गरिनेछ । अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३४. घटना दर्ताको महत्व र आवश्कयताको महसुस गराउन घटना दर्ता सम्बन्धी शिविर संघीय सरकार सँगको सहकार्य सञ्चालन गर्ने व्यस्था मिलाइनेछ ।

१३५. बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवश, स्थानीय मौलिक संस्कृति, भेषभुषा संरक्षण एवं प्रवर्धन गर्न र उक्त दिवशहरुमा नैतिक शिक्षा, योग साधनाको महत्व सान्दर्भिकताका विषयमा चेतना जगाउने र जनसहभागिता बढाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै सबै जातजातिको साहित्य, कला, भाषा, इतिहास, संस्कृतिको संरक्षण तथा संवर्धन गर्दै लगिनेछ ।

१३६. यस गाउँपालिकाको नामांकरण भएको भगवान गौतम बुद्धका पिता राजा शुद्धोदनको योगदानको खोजी, अभिलेखिकरण र प्रचार प्रसार गर्न गाउँपालिकाका उपयुक्त स्थानहरुमा शुद्धोदनको स्तुप निर्माण गरी पर्यटन प्रवर्द्धन गर्ने कार्य अगाडी बढाइनेछ ।

१३७. शुद्धोदन गाउँपालिकालाई विद्युतीय शासनको माध्यमबाट कार्य सञ्चालन गर्न गाउँपालिका बासीलाई सुचना प्रविधीको प्रयोग र उपयोगको बारेमा जानकारी गराउन लुम्बिनी प्रदेश सरकारको नवप्रवर्तनमा आधारित साझेदारी कार्यक्रम मार्फत लागत साझेदारी गरी विद्युतीय शासन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

**(ग) आर्थिक विकासः**

१३८. कृषिको माध्यमबाट आय आर्जन एवं स्वरोजगार सिर्जनाको लागि विशेष प्राथमिकता दिइनेछ । सम्भाव्यता पहिचान गरी प्रत्येक वडामा कम्तिमा एक कृषि उपजको पकेट क्षेत्र अवधारणा अवलम्बन गर्दै कृषि उत्पादनलाई व्यवसायिकीकरण गरी रोजगारी सिर्जना गर्ने तर्फ जोड दिइनेछ।

१३९. कृषिको उत्पादन, उपादकत्व, बजार व्यवस्थापन, संभाव्यता अध्ययन र आवश्यक्ताको पहिचान र व्यवस्थापन गर्न सुचना प्रविधिको प्रयोगलाई विस्तार गर्न डिजिटल कृषि व्यवस्थापन प्रणालीको विकासमा जोड दिइनेछ । किसान सेवा कार्डलाई सुचना प्रविधी मार्फत व्यवस्थित गर्दै लगिनेछ ।

१४०. गाउँपालिका भित्रको पोषण सुधार गर्न गाउँपालिकाका प्रत्येक घरमा १ घर १ करेसा बारी निर्माण गर्ने कार्यलाई गाउँपालिका बासीको सहयोगमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । पोषणको अवस्थालाई सुधार गर्न मिसावट युक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवं स्वास्थ वर्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गर्ने नीति लिइनेछ ।

१४१. दुध, तरकारी, फलफुल, मासु, नगदे बाली लगायतका कृषि तथा पशुजन्य उत्पादनहरु निर्यात गरी आर्थिक सशक्तिकरणमा जोड दिईनेछ । गाउँपालिका क्षेत्रभित्र कृषि उपज उत्पादनमा प्रयोग भैरहेको रासायनिक विषाधिलाई न्यूनिकरण गरी जनताको स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असरलाई कम गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । जैविक विविधताको संवर्द्धन र सदुपयोग गर्दै जलवायु परिवर्तन अनुकुलन प्रविधिहरुको विकास गरी कृषिजन्य उत्पादनमा प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरिनेछ ।

१४२. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न साना सिंचाइ कार्यक्रम मार्फत कार्यक्रमहरु संचालन गरिनेछ । व्यवसायिक कृषि गर्ने क्षेत्रको पहिचान गरी प्रदेश सरकारसँगको सहकार्यमा भुमिगत सिंचाइको सुविधा उपलब्ध गराइनेछ । कृषि क्षेत्रमा व्यवसायिक किसिमका कार्यक्रमहरु छनौट गरी कृषि पकेट क्षेत्र विस्तार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१४३. गाउँपालिका क्षेत्रभित्र रहेको कृषि उत्पादनको सम्भाव्यता अध्ययन गरी माटो परिक्षणको माध्यमबाट उपयुक्त कृषि उपज लगाउने व्यवस्था मिलाइनेछ । यस कार्यको लागि व्यवसायिक रुपमा खेती गर्ने कृषकहरुको पहिचान गरी यसै आर्थिक वर्षबाट कार्य शुरुवात गरिनेछ ।

१४४. व्यवसायिक कृषि व्यवसाय गर्न इच्छुक कृषकहरुलाई आवश्यक पर्ने सम्बन्धित विषयका तालिम उपलब्ध गराइनेछ । जसबाट कृषि क्षेत्रको उत्पादन वृद्धि भइ व्यवसायिक रुपमा खेती गर्ने परम्पराको शुरुवात हुनेछ ।

१४५. कृषि/पशु विकास, दुग्ध उत्पादन सहकारीको प्रवर्द्धन र विकासका लागि आधुनिक प्रविधि मार्फत गाउँपालिकामा भएका सहकारी र कृषक समूहहरुलाई व्यावसायिक तालिम प्रदान गरिनेछ । साथै गाउँपालिकामा उत्पादित कृषि जन्य उपजहरुको बजारिकरण र व्यवस्थापनका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ । गाउँपालिकाभित्र उत्पादन हुने कृषि तथा पशुजन्य उत्पादनलाई नजिकको बजारसम्मको पहुँच पुर्याउन आवश्यक व्यवस्था मिलाइनेछ ।

१४६. कृषि तथा पशुपालन व्यवसायलाई सझिलो र उत्पादन मुलक बनाउन आधुनिक कृषि प्रणाली अवलम्बन गरिनेछ । ५० प्रतिशत अनुदानमा विउ, यन्त्र, औजार र उपकरण उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ । व्यवसायिक रुपमा कृषि तथा पशुपालन व्यवसाय सञ्चालन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१४७. सामुहिक व्यवसायिक कृषि तथा पशु उत्पादन गर्ने समूह वा सहकारीहरुलाई विभिन्न प्रकारका समपुरक अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । ५० प्रतिशत अनुदानमा तरकारी क्षेत्र

विस्तारका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अनुदान वितरण गर्दा कृषि कार्य गर्न इच्छुक कृषकहरुलाई प्राथमिकता दिइनेछ ।

१४८. गाउँपालिकाले छिमेकी पालिकासँगको सहकार्यमा स्थापना गरी सञ्चालन गर्ने कृषि उपज संकलन केन्द्रमा आफ्नो उत्पादन लैजाने कृषकहरुलाई उक्त संकलन केन्द्रको तथ्याङ्कको आधारमा मात्र कृषि तथा पशुपालन क्षेत्रमा **उत्पादनमा आधारित अनुदान** वितरण गर्ने कार्यको शुरुवात गरिनेछ ।

१४९. प्राकृतिक रुपबाट गर्भधान सम्भव हुन नसकेमा कृत्रिम गर्भधान गराउने कार्यको शुरुवात गरिनेछ । पशु बिमा तथा कृषि बिमा गर्ने समूह वा संस्थालाई प्रोत्साहन गरिनेछ ।

१५०. एक कृषकले उत्पादन गरेको कृषिजन्य उत्पादन अन्य कृषकहरुलाई जानकारी गराउने तथा कृषि व्यवसायलाई प्रतिस्प्रर्धी बनाउन कृषि मेला प्रदर्शनी गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१५१. गाउँपालिकामा अध्ययन गर्ने विद्यार्थीहरुलाई कृषि पेशा तथा व्यवसाय तर्फ उत्सुक बनाउन तथा आयआर्जन मार्फत आफ्नो अध्यापनलाई सुचारु गराउन पढदै कमाउँदै कार्यक्रम सञ्चालन गरिनेछ ।

१५२. कृषियोग्य जमिनको बढ्दो खण्डीकरण गर्ने कार्यलाई निरुत्साहित गरी जमिनलाई बाँझो राख्न नपाइने व्यवस्था मिलाइनेछ । कृषि, पशुपालन लगायतका व्यावसायिक उत्पादनका क्षेत्रमा बिमा अनिवार्य रुपमा गर्ने व्यवस्था मिलाइनेछ ।

१५३. गाउँपालिका भित्र लिंची, आँप, ड्रागन फ्रुट, एभोकाडो लगायतका अन्य फलफुल उत्पादनको सम्भाव्य स्थानको खोजी गरी व्यवसायिक रुपमा खेती गर्ने कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

१५४. व्यवसायिक रुपमा कृषि तथा पशुपालन व्यवसाय सञ्चालन गर्ने कृषकहरुलाई वित्तीय संस्थाहरुसँगको सहकार्यमा सहुलियतपूर्ण ऋण परिचालन गर्ने व्यवस्था मिलाई यस्ता कार्यमा व्याजमा अनुदान दिने कार्यको सुरुवात गरिनेछ ।

१५५. गाउँपालिकाभित्र रहेका कृषि समूह, सहकारी र फर्मलाई बिउबिजन, घाँस उत्पादन गर्न आवश्यक पर्ने सहयोग उपलब्ध गराई घाँस नर्सरी स्थापना गरी घाँस तथा अन्य बिरुवा नर्सरी स्थापनामा जोड दिईनेछ ।

१५६. पशुपालन व्यवसायलाई प्रभावकारी बनाउन तालिम सञ्चालन, औषधि वितरण, नश्ल सुधारको लागि बोका, राँगो, बीर (बंगुर) समूह/सहकारी/फर्मलाई वितरण, गोठ सुधार, गोठ निर्माण, खोर निर्माण, खोर सुधार, घाँस वितरण र ढुंड टाट्नो निर्माण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१५७. गाउँपालिका भित्रका धानखेत, जलाशय र माछापोखरीहरुलाई संरक्षण गर्दै व्यावसायिक माछा पोखरी निर्माण गर्ने व्यक्ति/समूह/सहकारी/फर्महरुलाई आवश्यक अनुदान उपलब्ध गराई गाउँपालिकालाई माछा उत्पादनमा क्रमशः आत्मनिर्भर गराउँदै लगिनेछ । साथै माछाको उचित बजारीकरणको व्यवस्था मिलाइनेछ । यस कार्यक्रम सञ्चालनको लागि ५० प्रतिशत अनुदानमा माछाका भुरा वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१५८. प्रत्येक वडामा कम्तिमा एक/एक वटा कृषि एवं पशु व्यवसायमा आधारित सहकारी विकास गरिनेछ । स्थानीय सहकारीहरुसँग प्रवर्द्धनात्मक कार्यमा सहकार्य गर्दै मूल्य श्रृंखलामा काम गर्ने सहकारीहरुको (कृषि तथा उत्पादनमुखी) विकास एवं प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

१५९. गाउँपालिकालाई दुध, अण्डा र मासुमा आत्मनिर्भर बनाउन व्यवसायिक पशुपालक कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

१६०. गाउँपालिकालाई **"बाह्रैमास हरियो घाँस पशु उत्पादन एकनास"** भन्ने भनाइलाई आत्मसाथ गर्दै घाँसमा आधारित पशुपालन गरी उत्पादन लागत कम गर्न घाँस विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१६१. गाउँपालिका भित्रका पशु पालक कृषकहरु पालन गर्दै आएका सबै पशुहरुमा लाग्न सक्ने सरुवा रोग विरुद्धको खोप कार्यक्रम सञ्चालन गरी **"पूर्ण पशु खोप युक्त"** गाउँपालिका बनाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

१६२. पशुपालन किसानलाई व्यवसायीक बनाउन तालिम कार्यक्रम संचालन गरिनेछ । पशु स्वास्थ्य/ बाँझोपना न्यूनिकरण तथा रेविजरोग नियन्त्रण कार्यक्रम संचालन गरिनेछ । कृषि तथा पशुपालन क्षेत्रमा लगानी बृद्धिगर्ने नीति अवलम्वन गरिनेछ । कृषि तथा पशुपालन गर्ने युवाहरुलाई प्रोसाहन गर्ने नीति लिईनेछ ।

१६३. गाउँपालिका भित्र पशु व्यवसाय गरीरहेका कृषकहरुलाई पशु सेवा कार्यक्रम सञ्चालन गर्न पशु सेवाका प्राविधिकहरुलाई वडामा पठाई कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१६४. पशु पालक कृषकहरुलाई पशुपालनमा प्रोत्साहित गरी पशुपालन व्यवसाय रोज्ने बनाउन पशुपंक्षी उत्पादनको बजार व्यवस्था मिलाउँदै उत्पादनमा आधारित अनुदानका कार्यक्रमलाई सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१६५. गाउँपालिका भित्र रहेका सामुदायिक कुकुरहरुको माध्यमबाट फैलिन सक्ने रेविज रोग नियन्त्रणका लागि सामुदायिक कुकुरलाई बन्ध्याकरण तथा खोप लगाउने कार्यक्रमहरु संचालन गरिनेछ।

१६६. गाउँपालिकाभित्र रहका विभिन्न सहकारी संस्थाहरुलाई विषयगत सेवाको आधारमा एकिकरण गर्ने र सहकारीको पहुँच नपुगेको ठाउँमा क्षेत्र विस्तार गर्ने नीति लिइनेछ ।

१६७. सहकारी मार्फत बचत तथा सहुलियत दरमा ऋण परिचालन गरी पिछडीएको वर्गलाई आत्मनिर्भर गराउन अभिप्रेरित गरिनेछ ।

१६८. गाउँपालिका क्षेत्रभित्र रहेका बैंक तथा वित्तिय संस्थाहरुलाई गाउँपालिकाको प्रत्येक वडासम्म आफ्नो सेवा विस्तार गर्न प्रोत्साहित गरिनेछ ।

१६९. गाउँपालिकाभित्र सञ्चालन गरिएका सबै व्यवसायहरुलाई दर्ता तथा अभिलेखिकरण गर्न अभिप्रेरित गर्न विभिन्न प्रकारका चेतनामूलक कार्यक्रमहरु व्यापारीहरुको समेत सहकार्यमा सञ्चालन गरिनेछ ।

१७०. गाउँपालिकाको सर्वाङ्गीण विकासका लागि वित्तिय अवस्थामा सुधार गर्न करको दर कम र दायरा फराकिलो बनाउने नीति अबलम्बन गरिनेछ ।

१७१. उद्यम विकास योजना निर्माण गरी गाउँपालिका भित्र स्थानीय स्रोत, साधन र सीपको आधारमा रोजगारी सृजना गरिनेछ । उद्यम विकास योजनाका आधारमा कार्यक्रमहरु क्रमशः कार्यान्वयन गरिनेछ । समग्र पालिकाको आर्थिक विकासमा टेवा पुर्याउन लघु उद्यम विकास कार्यक्रमलाई प्राथमिकतामा राखि सञ्चालन गरिनेछ ।

१७२. गरिवीको रेखामुनि रहेका, महिला, दलित, मुस्लिम, थारु, सिमान्तकृत, पिछडा वर्ग, बेरोजगार व्यक्ति, अपाङ्गता भएका व्यक्ति, विपन्न वर्ग, एकल महिला र अति गरिवलाई लघु उद्यम विकास कार्यक्रममा प्राथमिकता दिई आय आर्जनमूलक सीप विकास र रोजगारी अभिवृद्धि गराउने खालका कार्यक्रम सञ्चालन गरिने छ ।

१७३. लक्षित वर्गलाई लघु उद्यम विकास मोडेलमा उद्यमी सिर्जना र विकास गरिने छ । रोजगार सेवा केन्द्रसँग समन्वय गरि बैदेशिक रोजगारबाट फर्किएका र सुचिकृत बेरोजगार व्यक्तिहरुलाई उद्यमशिलताद्वारा सीपमूलक तालिम प्रदान गरिने छ ।

१७४. विपन्न, गरिव तथा बेरोजगार युवाहरुलाई लक्षित गरि आर्थिक तथा रोजगारीमूलक सीप विकास तालिम मार्फत आर्थिक विकास प्रवर्धन गर्ने निति लिईने छ ।

१७५. सम्बन्धित लघु उद्यमीले प्रचलित कानुन बमोजिम व्यक्तिगत, समुहमा वा साझेदारी फर्मको रुपमा सम्बन्धित निकायमा दर्ता गर्न प्रोत्साहन गरिने छ । उद्यमीहरुको सम्पुर्ण विवरण वा तथ्यङ्कहरु जेसीएमआईस् (GESIMIS) मा अद्यावधिक गरिने छ ।

१७६. लघु उद्यमको स्तरउन्नतिको लागि स्थलगत रुपमा अनुगमन तथा मुल्याङ्कन गरि आवश्यकता पहिचान तथा विश्लेषणको प्रथमिकताको आधारमा लघु उद्यम विकास मोडेल अनुसार सेवा प्रदान गरि प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

१७७. युवाहरुको स्वःरोजगार तथा रोजगारीका लागि सरोकारवाला निकाय र निजी क्षेत्रसँग सहकार्य र क्षेत्रगत समन्वयमा जोड दिईने छ ।

१७८. उद्यम विकास तथा प्रवर्द्धनका लागि गाउँपालिका क्षेत्रका बाँझो तथा सार्वजनिक जग्गालाई लिजमा उपलब्ध गराई सामुहिक ममफली खेति, पुष्प खेति, तरकारी खेती गरि आयआर्जन गर्न प्रोत्साहन गरिने छ ।

१७९. परम्परागत सीप र सिर्जना तथा लघु उद्यम विकास संरक्षण तथा प्रवर्धन गरी आवश्यकता अनुसार स्तरउन्नति गर्दै लगिने छ ।

१८०. रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाइने छ । पालिका स्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखी काम लगाउने व्यवस्था मिलाइनेछ ।

१८१. यस पालिकामा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारी प्रदान गरि सार्वजनिक पुर्वाधारको विकास निर्माण संगै सामाजिक संरक्षणको प्रत्याभूति गराईनेछ ।

१८२. आ.व. २०८२/०८३ देखि रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा पालिकाको लागत साझेदारी कायम गरिनेछ । वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रबर्धन र भौतिक पुर्वाधारको समेत विकास गरिनेछ । त्यस्तै पालिका स्तरीय र वडा स्तरीय आयोजनामा समेत रोजगार सेवाकेन्द्र मार्फत श्रमिकको आपुर्ति गर्ने व्यवस्था मिलाइनेछ ।

१८३. स्थानिय स्तरमा रोजगारीको प्रवर्द्धनका लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ । बेरोजगार व्यक्तिहरुको तथ्यांक

संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणलीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ ।

१८४. सुरक्षित आप्रवासन (सामी) कार्यक्रम संचालन गरी आप्रवासी कामदार तथा तिनीहरूको परिवारको अधिकारको सुनिश्चित गरिनेछ । जसको लागि प्रदेश सरकार, वैदेशिक रोजगार वोर्ड तथा संघीय सरकारसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरूको परिवारलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, न्यायकोलागि समन्वय सहजीकरण, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धि गर्ने कार्य गरिनेछ ।

१८५. गाउँपालिका भित्र उपलब्ध हुने कच्चा पदार्थहरुको प्रयोगबाट सञ्चालन हुन सक्ने खालका साना तथा कुटीर उद्योग स्थापना र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

१८६. विभिन्न ऐतिहासिक तथा धार्मिक स्थलहरुको गुरुयोजना निर्माण गरी पर्यटन उद्योगलाई प्रवर्द्धन, प्रचार र प्रसार गरिनेछ । गाउँपालिका क्षेत्रभित्र पर्यटकीय स्थानहरुमा आयोजना हुने महोत्सवहरुलाई सभ्य र भव्य रुपमा सञ्चालन गर्न आवश्यक पर्ने सहयोग उपलब्ध गराइनेछ । गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरुको पहिचान गरी पर्यटन विकासको गुरुयोजना निर्माण गर्न पहल गरिनेछ ।

१८७. शुद्धोदन गाउँपालिकाको पर्यटन नक्सा बनाईनेछ । गाउँपालिकाका ऐतिहासिक स्थानहरु लगायत अन्य सम्भाव्य स्थानहरुमा पर्यटकीय पदमार्ग निर्माणको लागि सम्भाव्यता अध्ययन गरी रुट नक्सांकन गरिनेछ।

१८८. गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार गरी यी स्थलहरुसम्म सडकको पहुँच पुर्याउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१८९. गाउँपालिका भित्र रोजगारीको अवसर सिर्जना गर्न रोजगार सेवा केन्द्रमा सूचिकृत भएका वेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारको प्रत्याभुत गर्नको लागि गाउँपालिकामा सञ्चालन हुने विभिन्न ठेक्का तथा उपभोक्ताहरु मार्फत सञ्चालन हुने योजनामा आवश्यकता अनुसार तालिम प्रदान गरी काममा लगाउने व्यवस्था मिलाइनेछ ।

१९०. गाउँपालिकाका लागि स्वयंसेवा कार्यक्रम मार्फत युवाहरुलाई रोजगारीमा आवद्ध गर्ने कार्यको सुरुवात गरिनेछ । विदेशबाट गाउँपालिकाभित्र फर्की आफूले सिकेको सीपको आधारमा उद्यम गर्न चाहाने युवाहरुलाई उद्यम विकासमा प्रोत्साहित गर्न **अध्यक्षसँग युवा इलम** कार्यक्रम सञ्चालन गरिनेछ ।

१९१. गाउँपालिका भित्रका युवाहरुलाई रोजगारीको अवसर प्रदान गर्न मागमा आधारित तालिम सञ्चालन गरी तालिम प्राप्त युवाहरुलाई उद्यम सञ्चालन गर्न आवश्यक रकम सहित प्रोत्साहन गरिनेछ ।

१९२. वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने सेवाहरु र श्रम स्वीकृतीका सेवाहरुलाई गाउँपालिकाको रोजगार सेवा केन्द्र मार्फत थप प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१९३. महिलाहरुको सक्रिय सहभागितामा स्थापना हुने र संचालनमा रहेका लघु उद्योगहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरुलाई लघुउद्यम विकासका कार्यक्रम मार्फत प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

**(घ) भौतिक पूर्वाधार विकासः**

१९४. गाउँपालिकास्तरीय गौरवका आयोजनाहरु छनौट गरी कार्यान्वयनको लागि बजेटको सुनिश्चितता गरिनेछ । गाउँपालिका क्षेत्र भित्र रहेको खानेपानीको समस्यालाई समाधान गर्न यस आर्थिक वर्षलाई **स्वच्छ खानेपानी** वर्षको रुपमा मनाउन पहल गरिनेछ । वृहत खानेपानी योजना सञ्चालन गरि एक घर एक धाराको अवधारणाको आधारमा खानेपानी सुविधाको विस्तार गर्न पहल गरिनेछ । अधुरा रहेका आयोजनाहरुलाई सम्पन्न गर्न विशेष ध्यान दिइनेछ ।

१९५. गाउँपालिकामा स्वच्छ पिउने पानीको उपलब्धताका लागि सरोकारवाला निकायहरुसँग आवश्यक सहकार्य गरी खानेपानी सेवाका ठूला संरचनाहरु निर्माण गरिनेछ ।

१९६. गाउँपालिका बासीको यातायातमा सहज पहुँच पुर्याउन तथा यातायात क्षेत्रको व्यवस्थापनका लागि संघ र प्रदेश सरकारसँगको समेत सहयोगमा निर्माण निरन्तरताका लागि पहल गरिनेछ । यातायात व्यवसायीहरुसँग समन्वय गरी गाउँपालिकाले व्यवस्थित तरिकाले सार्वजनिक सवारी साधनको सञ्चालनको व्यवस्था मिलाइनेछ।

१९७. सिंचाइको सुविधा विस्तार गर्न हालसम्म भएको अवस्थाको अध्ययन गरी खेतबारीमा सिचाइको सुविधा उपलब्ध हुने शुद्धोदन सिचाइ लगायत अन्य सिचाइ संरचना निर्माण गर्न संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा पहल गरिनेछ ।

१९८. सडक, खानेपानी, सिंचाइ, सामुदायिक भवनहरु जस्ता पूर्वाधारहरु सबै वडामा आवश्यकता र औचित्यताका आधारमा निर्माण गरिनेछ ।

१९९. गाउँपालिका भित्रका सडकहरुमा कि.मि. पोष्ट तथा ट्राफिक संकेतका चिन्हहरु राखी यात्रालाई सूचना मुलक बनाइनेछ । हालसम्म विस्तार गरिएका सडकहरुको अवस्थाको अध्ययन गरी आगामी वर्षमा सडक विस्तार भन्दा सडक स्तर उन्नतीमा ध्यान केन्द्रित गरिनेछ ।

२००. विकासका कार्यमा हेभि इक्युपमेन्ट प्रयोग गर्नु परेमा गाउँपालिकामा सूचिकृत र अनुमति प्राप्त भएका हेभि इक्युपमेन्टबाट मात्र काम गराउनु पर्ने नीति लिइनेछ । यस सम्बन्धमा कार्यविधि बनाइ लागु गरिनेछ ।

२०१. भवन निर्माण गर्दा भुकम्पिय जोखिम न्यूनिकरण गर्ने तर्फ ध्यान दिँदै भवन आचार संहिताको पालना गराउन पहल गरिनेछ ।

२०२. पूर्वाधारहरुको दिगो व्यवस्थापन तथा उपयोगका लागि मर्मत संभार प्रणालीलाई व्यवस्थित गरिनेछ । यस कार्यका लागि मर्मत संभार कोषको स्थापना गरी कार्यविधी मार्फत रकम खर्च गर्ने व्यवस्था मिलाइने ।

२०३. गाउँपालिका क्षेत्र भित्र रहेको विद्युत सेवालाई नियमित र गुणस्तरिय बनाउन सबै सरोकारवालाहरु सँगको समन्वयमा आवश्यक पहल गरिनेछ ।

२०४. ठूला पूर्वाधारहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR) का आधारमा लगानी गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२०५. सार्वजनिक सम्पत्ति संरक्षण गर्न विशेष जोड दिइनेछ । टोल विकास संस्थाको समेतको सहकार्यमा अनाधिकृत रुपमा सार्वजनिक सम्पत्ति अतिक्रमण गर्ने कार्यलाई रोकिनेछ ।

२०६. गाउँपालिका क्षेत्र भित्र निर्माण भएका पुराना घरहरुको अभिलेखिकरण गरिनेछ । साथै नयाँ संरचना निर्माण गर्दा अनिवार्य रुपमा गाउँपालिकाको स्वीकृतीबाट मात्र गर्ने वातावरणको विकास गरिनेछ । यस कार्यको लागि टोल विकास संस्थालाई समेत जिम्मेबार बनाइनेछ ।

२०७. गाउँपालिका सौन्दर्यकरणका लागि आवश्यक पूर्वाधारहरु तयार गरिनेछ । साथै पूर्वाधारका योजनाहरु महिला मैत्री, बालमैत्री, वातावरण मैत्री, अपाङ्गमैत्री बनाइनेछ ।

२०८. जनतालाई विकासका हरेक क्रियाकलापहरुमा सहभागि गराई काम प्रति उत्तरदायि र अपनत्वको भावनाको विकास गर्न लागत सहभागिताका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

२०९. गाउँपालिका स्तरीय खेल मैदान, सभा गृह, कभर्डहल तथा रङ्गशाला निर्माणका लागि समन्वय र सहकार्य गरिनेछ ।

२१०. गाउँपालिका भित्रका वडा कार्यालयहरु आधुनिक र प्रविधियुक्त बनाइ सेवा प्रवाहलाई छिटो तथा छरितो बनाउन पहल गरिनेछ । वडा कार्यालयको केन्द्र, स्वास्थ्य संस्था, घना बस्ती र विद्यालय रहेका क्षेत्रहरुमा आवश्यकताको आधारमा सडक बत्ती विस्तार गरिनेछ ।

२११. सडक स्तरउन्नती गर्दा सडकका प्रारम्भिक संरचानाहरु तयार गरी मात्र स्तरउन्नती गर्ने नीति अवलम्बन गरिनेछ । हाल सम्म विस्तार गरिएका सडकहरुको सञ्चालनको अवस्थाको आधारमा मात्र सडक स्तरउन्नति गर्ने कार्यका लागि बजेट विनियोजन गर्ने नीति लिइनेछ । सडकको प्रारम्भिक संरचनाहरु निर्माण सम्पन्न भएका क्षेत्रमा आवश्यकता अनुसार सडक कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२१२. गाउँपालिकामा रहेका सडकहरुको स्तरउन्नती गर्दा ट्राफिक फ्लोका आधारमा वर्गिकरण गरी प्राथमिकता निर्धारणका आधारमा रकम विनियोजन गर्ने नीति लिइनेछ । हालसम्म गाउँपालिका भित्र रहेका सडकहरुको अध्ययन गरी आवश्यकताको आधारमा जोखिम युक्त सडकको आवश्यक सुधार गर्ने नीति लिइनेछ ।

२१३. शुद्धोदन गाउँपालिका भित्र रहेका सम्पूर्ण सार्वजनिक निकायहरुमा E-Attendance जडान गरी विद्युतीय अनुगमन प्रभावकारी रुपमा गर्ने व्यवस्था मिलाईनेछ ।

२१४. गाउँपालिकाको केन्द्र सम्म जोड्ने गरी सबै वडा कार्यालयको केन्द्र गाउँपालिका भरीको स्वास्थ्य तथा शिक्षाका इकाईहरुसंग सहज पहुँच हुने गरी सडक सञ्जाल विस्तार गर्न All Weather Road को अवधारणा अनुसार लिंक रोड (Link Road) निर्माण गर्न पहल गरिनेछ ।

२१५. गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको पहिचान गरी आवश्यक पूर्वाधारहरु निर्माण गर्न सुरु गरिनेछ । यसका लागि समुदायको समेत सहयोगमा कार्य अगाडी बढाइनेछ ।

**(ङ) वन वातावरण तथा विपद् व्यवस्थापनः**

२१६. पूर्वाधार निर्माणमा खासगरी सडक निर्माणलाई वातावरण मैत्री स्थानीय शासनको अवधारण अनुरुपमा कार्य अगाडि बढाइनेछ । ठूला संरचनाहरु निर्माण गर्दा संक्षिप्त वातावरणिय अध्ययन र वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा निर्माण गर्ने कार्यको शुरुवात गरिनेछ ।

२१७. वातावरण संरक्षण, विपद् व्यवस्थापनको लागि व्यापक रुपमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ । प्राकृति विपदबाट जोगिन तथा क्षेती कम गर्न विपद् व्यवस्थापन योजना बनाई कार्यान्वियन गरिनेछ ।

२१८. खानेपानीको स्रोतलाई दीर्घकालिन बनाउन पानीका मुहान, पोखरी, ताल, तलैया संरक्षणमा विशेष लगानी गरिने छ ।

२१९. विपद् व्यवस्थापनको लागि विपद् व्यवस्थापन कोषमा रकम विनियोजन गरिनेछ । यस कोषको रकम स्वीकृत मापदण्ड बमोजिम विपद् परेकाकाहरुलाई तत्काल उद्दार राहत र सहयोगको कार्यक्रम संचालन गर्न खर्च गरिनेछ । वडा एवं बस्ती स्तरमा विपद् व्यवस्थापनको लागि नागरिक परिचालन गर्न वडा र वस्ती स्तरीय विपद् व्यवस्थापन समितिलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ । विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउन छिमेकी पालिकाहरुसँग सहकार्य गरी कार्य अगाडि बढाइनेछ ।

२२०. गाउँपालिका भित्र रहेका सबै सामूदायिक वनहरुलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कार्ययोजना गाउँपालिकामा पेश गरी स्वीकृत गराउन अनिवार्य गरिनेछ । यसरी समयमा कार्ययोजना पेश गर्ने र वन पैदावार विक्रिबाट प्राप्त रकमबाट गाउँपालिकालाई बुझाउनु पर्ने रकम बुझाउने सामूदायिक वनहरुमा पूनःभरण पोखरी (Recharge Pond) निर्माण गर्ने कार्यको सुरुवात गरिनेछ ।

२२१. गाउँपालिका भित्र रहेका विभिन्न सडकहरुको अध्ययन गरी यसका किनाराहरुमा आवश्यकता अनुसार वृक्षारोपण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

२२२. गाउँपालिका भित्र बाढीको जोखिम रहेका क्षेत्रहरुको पहिचान गरी बाँसका विरुवाहरुको वृक्षा रोपण गरी बाढीको जोखिम कम गर्न प्रयास गरिनेछ । बाँसको उत्पादनलाई व्यवसायिक बनाउन आवश्यकता अनुसार अन्य कार्यक्रमहरु सञ्चालन गरिनेछ । नदी किनारका बस्ति तथा खेतियोग्य जमिन जोगाउन आवश्य तटबन्ध लगायतका कार्यहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२२३. गाउँपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण नदिजन्य पदार्थहरुको उत्खनन् प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा गर्ने व्यवस्था मिलाइनेछ ।

२२४. प्रत्येक गाउँपालिका बासीलाई गाउँपालिकाको वातावरण स्वच्छ एवं हरियाली राख्नका लागि वृक्षारोपण कार्यक्रम अभियानको रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

२२५. गाउँपालिका भित्र रहेको खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमिन र वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा बृद्धि गरिनेछ ।

२२६. संरक्षण पोखरी, विकासका पूर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल, जमीन तथा जलाधारको संरक्षण, उत्पादन र उपभोगमा बृद्धि गरिनेछ ।

२२७. वातावरणीय सन्तुलनलाई दिगो बनाउन गाउँपालिका क्षेत्र भित्र प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अत्यधिक रुपमा भैरहेको प्लाष्टिक प्रयोगलाई कम गर्न दुना टपरी तथा प्लाष्टिक रहित झोलाको प्रयोग गर्ने बानीको विकास गरिनेछ ।

२२८. आगामी आर्थिक वर्ष भित्र सुरक्षित रुपमा फोहोर संकलन वर्गिकरण पुनःउपयोग प्रशोधन विसर्जनको लागि ल्याण्डफिल्ड साइडको पहिचान र विकास गरिनेछ । गाउँपालिका भित्र उत्पादन हुने फोहोरलाई फोहोरको प्रकृतिको आधारमा वर्गिकरण गरी कुहिने प्रकारको फोहोरको उचित माध्यमबाट मल बनाउन तथा नकुहिने प्रकारका फोहोरहरुको लागि उचित स्थानको खोजी गरी नविन प्रविधिको माध्यमबाट व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ । यसका लागि नजिकको स्थानीय तहसँग समेत समन्वय गरी कार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

२२९. सँघीय सरकारसँगको सहकार्यमा विपन्न बस्तीहरुमा सुरक्षित नागरिक आवास कार्यक्रम संचालन गरिनेछ । गाउँपालिका क्षेत्र भित्र रहेका जोखिम युक्त घरहरुको तथ्यांक संकलन गरि संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा जस्तापाता वितरण गरि जोखिमयुक्त घर मुक्त गाउँपालिका घोषणा गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

२३०. गाउँपालिका भित्र रहेका नदी तथा खोलाले वर्षातको समयमा पुर्याउने डुवान कम गर्न खोलामा जम्मा भएको नदीजन्य पदार्थ वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा निकाली खोला एकिकृत गर्ने व्यवस्था मिलाइनेछ । खोलाको दुवै किनारमा बाँसजन्य विरुवाको वृक्षारोपण गरी बाढीबाट खोलामा रहेको खेत क्षयीकरण पर्नबाट जोगाउने व्यवस्था मिलाइनेछ ।

२३१. गाउँपालिका भित्रका उपयुक्त स्थान तथा घरहरुमा फलफूल विरुवा लगाउने कार्यक्रम सञ्चालन गरी गाउँपालिका बासीलाई फलफुल उपभोग गर्ने परिपाटीको विकास गरिनेछ ।

२३२. गाउँपालिकाको विभिन्न स्थानमा देखिने लोपोन्मुख वन्यजन्तुहरुको संरक्षण र विकासको लागि व्यापक जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । अवैध रुपमा वन्यजन्तु चोरी सिकारी गर्ने कार्यलाई कानूनी दायरा भित्र ल्याइ नियन्त्रण गर्ने कार्यलाई कडाइका साथ कार्यान्वयन गरिनेछ

। वन्यजन्तु तथा छाडा चौपायाहरुले पुराउने क्षेती कम गर्न आवश्यक्ता अनुसारको उपयुक्त कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

२३३. वायु प्रदुषण कम गर्न गाउँपालिका भित्र स्थापना हुने उद्योगहरुलाई मापदण्ड अनुसार सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

२३४. गाउँपालिका भित्रको नदीजन्य पदार्थको उत्खनन्, अन्वेषण, ढुवानी तथा बिक्रिवितरणलाई नियमित गर्न कार्यविधी निर्माण गरी प्रसोधन गरी बिक्रिवितरण गर्ने व्यवस्था मिलाइनेछ । यसको पूर्वाधार विकासको लागि संघ र प्रदेश सरकारसँग आवश्यक सहकार्य गरिनेछ ।

अन्तयमा, यो नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नु हुने गाउँपालिकाका उपाध्यक्ष्यज्यू, सबै वडाका वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिकाका कार्यापालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, सम्पूर्ण विषयगत समितिका सदस्यज्यूहरु, सकारात्मक सल्लाह र सुझाव दिनु हुन विभिन्न संघ संस्था र शुद्धोदनमा क्रियाशिल पार्टीहरुका प्रमुख तथा प्रतिनीधिहरु, समग्र शुद्धोदन निवासी बुवा आमा दाजु भाई दिदीबैनीहरु, सञ्चार जगत तथा गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिनु चाहान्छु । धन्यवाद ।

मितिः २०८२।०३।०३ गते ।

विष्णु प्रसाद बस्याल
अध्यक्ष